विशेष अदालत, काठमाडौं

**इजलास**

सदस्य माननीय न्यायाधीश श्री यमुना भट्टराई

सदस्य माननीय न्यायाधीश श्री शालिग्राम कोइराला

सदस्य माननीय न्यायाधीश श्री बलभद्र बाँस्तोला

**फैसला**

(इजलास नं. २)

मुद्दा नं. ०७९-**CR**-०१७४

**मुद्दाः गैर कानूनी लाभ हानि पुऱ्याउने बदनियतले काम गरी भ्रष्टाचार गरेको।**

फैसला मितिः २०८०।०७।१६

**निर्णय नं. ३७**

| | |
|---|---|
| अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत शम्भु मिश्रको प्रतिवेदनले **नेपाल सरकार**..........१ | **वादी** |
| **विरुद्ध** | |
| झापा जिल्ला, झापा गाउँपालिका वडा नं. २ (साविक कुमरखोदी गाउँ बिकास समिति वडा नं. ७) बस्ने अजकषेलाल साहको नाति, मुनेश्वर साहको छोरा, झापा गाउँपालिकाको अध्यक्ष बर्ष ५७ (ना.प्र.प.नं. ५१३७६१, झापा)का **जयनारायण साह**..........१ | **प्रतिवादी** |
| झापा जिल्ला, झापा गाउँपालिका वडा नं. २ (साविक कुमरखोदी गाउँ बिकास समिति वडा नं. ५) बस्ने नरबहादुर बस्नेतको छोरी, बिरबहादुर बुढाथोकीको श्रीमती, झापा गाउँपालिकाको तत्कालीन उपाध्यक्ष बर्ष ५८ (ना.प्र.प.नं. ५१३७३६, झापा)का **कुन्तीदेवी बुढाथोकी**..........१ | **प्रतिवादी** |

| | |
|---|---|
| खोटाङ जिल्ला, दिप्रुङ चुइचुम्मा गाउँपालिका वडा नं. ४ (साविक बतासे गाउँ बिकास समिति वडा नं. ८) हाल मोरङ जिल्ला, विराटनगर महानगरपालिका वडा नं. ४ बस्ने नरनाथ दंगालको नाति, लक्ष्मीप्रसाद दंगालको छोरा, झापा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, झापाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत बर्ष ४२ (ना.प्र.प.नं. १५३/१५१६, खोटाङ्ग)का **चोलाराज दंगाल**..........................................................१ | **प्रतिवादी** |
| झापा जिल्ला, विर्तामोड नगरपालिका वडा नं. १ (साविक चारपाने गाउँ बिकास समिति वडा नं. १) बस्ने नकूल दासको नाति, दिलिप दासको छोरा, झापा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, झापाका ईन्जिनियर बर्ष ३१ (ना.प्र.प.नं. ०४१०१३/३४४, झापा)का **अभिषेक दास**..........................................................................................१ | **प्रतिवादी** |
| सुनसरी जिल्ला, बराहक्षेत्र नगरपालिका वडा नं. ११ (साविक मधुवन गाउँ बिकास समिति वडा नं. ७) बस्ने रविलाल चम्लागाईंको नाति, पदमलाल चम्लागाईंको छोरा झापा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, झापाका सब-इन्जिनियर बर्ष ३० (ना.प्र.प.नं. ०६१०४४/१४११५८, सुनसरी)का **बिज्ञान चम्लागाईं**..............................................१ | **प्रतिवादी** |
| झापा जिल्ला, झापा गाउँपालिका वडा नं. ३ (साविक टाघन डुब्बा गाउँ बिकास समिति वडा नं. ७) बस्ने गुदामरल गणेशको नाति, श्रवणलाल गणेशको छोरा झापा गाउँपालिका वडा नं. ३ का तत्कालीन वडा अध्यक्ष बर्ष ७५ (ना.प्र.प.नं. ९२३२५८६, झापा)का **मोतीलाल गणेश**..........................................................................................................१ | **प्रतिवादी** |
| झापा जिल्ला, झापा गाउँपालिका वडा नं. ६ (साविक शरणामती गाउँ बिकास समिति वडा नं. ५) बस्ने विष्णुसिँह बानियाको नाति, सहरमान बानियाको छोरा, झापा गाउँपालिका वडा नं. ६ का तत्कालीन वडा अध्यक्ष बर्ष ७५ (ना.प्र.प.नं. ८५०६१६३६, झापा)का **हरिबहादुर बानिया**..............................................................................................१ | **प्रतिवादी** |
| झापा जिल्ला, झापा गाउँपालिका वडा नं. ७ (साविक शरणामती गाउँ बिकास समिति वडा नं. ८) बस्ने काशिनाथ उप्रेतीको नाति, चन्द्रप्रसाद उप्रेतीको छोरा, झापा गाउँपालिका वडा नं. ७ का तत्कालीन वडा अध्यक्ष बर्ष ५१ (ना.प्र.प.नं. ८५०६६१८, झापा)का **नेत्रप्रसाद उप्रेती**.........................................................................................................१ | **प्रतिवादी** |
| झापा जिल्ला, झापा गाउँपालिका वडा नं. ७ (साविक शरणामती गाउँ बिकास समिति वडा नं. ९) बस्ने कुश्माखर थपलियाको नाति, लक्ष्मीप्रसाद थपलियाको छोरा, लक्ष्मीमार्ग बाटो उपभोक्ता समितिका अध्यक्ष बर्ष ६४ (ना.प्र.प.नं. ८५०६२३४, झापा)का **धनपति थपलिया**.........................................................................................................१ | **प्रतिवादी** |
| ताप्लेजुङ्ग जिल्ला, आठराई त्रिवेणी गाउँपालिका वडा नं. २ (साविक फुलबारी गाउँ बिकास समिति वडा नं. १) हाल झापा गाउँपालिका वडा नं. ६ बस्ने चिन्तामणि खरेलको नाति, धर्मप्रसाद खरेलको छोरा, लक्ष्मीमार्ग बाटो उपभोक्ता समितिका सचिव बर्ष ५१ (ना.प्र.प.नं. १७८/१६७५/६४८, ताप्लेजुङ)का **फणिन्द्रप्रसाद खरेल**..........................................१ | **प्रतिवादी** |

| | |
|---|---|
| झापा जिल्ला, शिवसताक्षी नगरपालिका वडा नं. ४ (साविक शिवगंज गाउँ बिकास समिति वडा नं. ५) हाल झापा गाउँपालिका वडा नं. ७ बस्ने शेरबहादुर राईको बुहारी, गणेशबहादुर सुव्वाको छोरी, हस्तबहादुर राईको श्रीमती लक्ष्मीमार्ग बाटो उपभोक्ता समितिका कोषाध्यक्ष बर्ष ३७ (ना.प्र.प.नं. ८५२४४९८२, झापा)का **शान्तादेवी सुव्वा (राई) भन्ने शन्तमाया सुव्वा लिम्बू**......................................................................................१ | **प्रतिवादी** |

विशेष अदालत ऐन, २०५९ को दफा ६ तथा मिति २०५९।५।६ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र रही दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. **उजुरी निवेदनको बेहोराः** झापा जिल्ला, झापा गाउँपालिकास्थित लक्ष्मीमार्ग सडक खण्ड अन्तर्गत हनुमान चौकदेखि सिमलबाडीसम्म जम्मा ७ कि.मि. बाटो बनाउनको लागि गाउँपालिकाबाट रु.५०,००,०००।- र स्थानीय जनतासँग रु.१०,००,०००।-समेत गरी जम्मा रु.६०,००,०००।-को बजेट विनियोजन भएको, तर उक्त बाटोमा रु.३०,००,०००।-को कार्य मात्र भएको लगायतको विषयउपर छानविन गरी दोषीमाथि कडा कारवाही गरी पाउँ भन्नेसमेत बेहोराको अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दर्ता भएको उ.द.नं. ९४, मिति २०७५।०४।११ को बेनामी उजुरी/निवेदन।

२. **योजनाको विवरणः**

| क्र.स. | विषय | विवरण | कै. |
|---|---|---|---|
| १. | योजनाको नाम | लक्ष्मीमार्ग बाटो उच्चस्तरीय ग्राभेल | |
| २. | योजनाको अवस्थिति | झापा गाउँपालिका वडा नं २,३,६,७ | |
| ३. | लागत अनुमान रकम | रु.५८,८१,०४३।४२ | |
| ४. | खरिद विधि | उपभोक्ता समिति | |
| ५. | सम्झौता मिति | २०७५।०१।२४ | |
| ६. | सम्झौता रकम/लागत बेहोर्ने श्रोत | रु.५०,००,०००।- (गाउँपालिका अनुदानमा रु.१,००,०००।-Contingency समेत) र रु.९,८१,०४३।०० (उपभोक्ता समितिबाट) | |
| ७. | उपभोक्ता समितिका अध्यक्ष | धनपति थपलिया | |
| ८. | कार्यसम्पन्न हुने मिति | २०७५।०२।२५ | |
| ९. | भुक्तानी भएको रकम | कूल मूल्याङ्कन रु.५८,८१,६६५।-रहेको। | |
| १०. | स्थलगत नापजाँचको विवरण | फिल्डमा भएको परिमाणहरु मूल्याङकन/नापी किताबको अन्तिम कार्य सम्पन्नमा परिमाण फरक रहेको। | |
| ११. | बढी भुक्तानी भएको रकम | रु.२२,०९,८२३।४० बढी भुक्तानी भएको। | |
| १२. | अनुसन्धानबाट देखिएको | सरकारी हानि नोक्सानी भएको अवस्था। | |

३. **अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीका शाखा अधिकृत विष्णुकुमार थेगुवा र इन्जिनियर राकेश रोशनसमेतले पेश गरेको स्थलगत प्राविधिक फिल्ड प्रतिवेदनः** उक्त सडक ग्राभेल तथा मर्मत कार्यको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीका प्राविधिकसहितको टोली स्थलगतरुपमा खटी गई निरीक्षण गरी दिएको प्रतिवेदनमा Watering, Compaction of natural mix gravel को कुनै कार्य नगरेको साथै ४,६२० घनमिटर ग्राभेल गर्नुपर्नेमा १८१५ घनमिटर (लम्बाई ६६००मी. * चौडाई ५.५मी. औसत * उचाई ०.०५मी. औसत) मात्र ग्राभेल गरी २८०५ घनमिटर कमी हुने गरेर ग्राभेल गरेको, ग्राभेलको गुणस्तरसमेत राम्रो नरहेको, कतिपय स्थानमा बालुवा मात्र रहेको, ग्राभेल कार्यपछि रोलर नचलाएकोले ग्राभेल उक्किएको, लागत इष्टिमेटमा नभए पनि २३७० घनमिटरको माटो ल्याई सडकको छेउँमा पुर्ने कार्य गरेको र उक्त बाटोको निर्माणकार्य प्राविधिक कार्यसम्पन्न प्रतिवेदनभन्दा (२८०५ घन मिटर * रु.१०२० = रु.२८,६१,१००।-(अठ्ठाइस लाख एकसठ्ठी हजार एकसय रुपैयाँ) कमीको कार्य भएको देखिन्छ भन्ने समेत बेहोराको मिति २०७५।०६।१६ गते दिएको स्थलगत प्राविधिक फिल्ड प्रतिवेदन।

४. **पूर्वाधार विकास कार्यालय, झापाका इन्जिनियर सुजन दाहालसमेतले पेश गरेको फिल्ड प्रतिवेदनः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीको च.नं. ९८२, मिति २०७६।०४।२० गतेको पत्रबाट जिल्ला झापा, झापा गाउँपालिकाको आ.व. २०७४/०७५ मा संचालित लक्ष्मीमार्ग बाटो उच्चस्तरीय ग्राभेल योजनामा इष्टिमेट अनुसारको कार्य नगरी आर्थिक अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा छानविन गरी प्रतिवेदन पेश गर्न पूर्वाधार विकास कार्यालय, झापालाई पत्राचार हुँदा सो कार्यालयको च.नं. ५०, मिति २०७६।०५।०९ गतेको पत्रसाथ प्राप्त इन्जिनियर सुजन दाहालसमेतले पेश गरेको फिल्ड प्रतिवेदनबाट देहाय अनुसार खुल्न आएकोः-

लक्ष्मीमार्ग बाटो उच्चस्तरीय ग्राभेल, झापा गाउँपालिका वडा नं. ३,६,७ योजनाको फिल्ड अनुसन्धानमा स्थानीय बासिन्दाहरुसँग समन्वय गरी अहिले जे-जस्तो देखिएको हो, सोहीको नापजाँच गरी प्रतिवेदन तयार भएको, उक्त बाटोमा प्रयोग भएको ग्राभेल जे-जस्तो अवस्थामा छ, सोही अनुसार

फरक नपर्ने गरी नाप लिएर नापी किताब तयार भएको, बाटोको निर्माणकार्य एकबर्ष अगाडि नै भएकोले हाल उक्त बाटो ग्राभेल गरेको भाग बाहेकमा राम्रैसँग घाँस विरुवाहरु उम्रेको र बाटो निर्माण गर्न बाटोछेउँमा खनेको खाल्डाहरुको धेरैजसो भाग पुरिएकोले जे-जति खाल्डाहरु देखियो सोको लगभग (Tentative) नाप लिई माटो खन्ने कार्यको नापी किताब तयार भएको, गाउँपालिकाको नापी किताबमा उल्लेख भएको माटो ढुवानी गरी बाटो निर्माण गर्ने कार्य कुन-कुन ठाउँमा गरेको हो, सो ठाउँमा घाँस बिरुवा उम्रेको हुनाले छुट्टयाउन नसकिने भएको हुदाँ सो कार्यको नापी उल्लेख नभएको, हाल उक्त बाटोको केही ठाउँहरुमा सामान्य खाल्डाहरु भएको हुँदा पानी पर्दा पानी जम्ने, बस्ती भएको ठाउँमा पानीको निकास नभएर बाटोमै पानी जमेर हिलो हुने गरेको, समग्रमा वाटोको अवस्था ठिकै रहेको र सवारी साधनहरु आवत जावत गर्न समस्या नभएको अवस्था रहेको, प्रतिवेदनसाथ संलग्न **सि.डि.ई. रमेशकुमार श्रेष्ठ**समेतले तयार गरेको उक्त योजनाको **Quantity Comparative Chart** बाट देहाय अनुसार देखिन्छः-

**तालिका नं. १: Quantity Comparative Chart**

| S. N. | Description of Works | Quantity | | Difference |
|---|---|---|---|---|
| | | As per MB | As Found in Field | |
| 1. | Site Clearance works | 700 | 700.00 | 0.00 |
| 2. | Excavation filling, levelling, compaction of earth works | 7744 | 4500 | -3244 |
| 3. | Transportation of soil and filling on road | 962.5 | - | X |
| 4. | Providing, laying, spreading, leveling of natural sand gravel up to 10 m | 4620 | 2644.33 | -1975.67 |
| 5. | Watering, compaction of natural mix gravel | 0 | 0 | 0 |
| 6. | Providing, laying, transporting. Joining of NP 3 90 cm dieHumepipe with VAT and all complete works | 1 | 1 | 0 |
| 7. | Providing, laying, transporting, joining of NP 3 60 cm dlaHumepipe with VAT and all complete works | 0 | 0 | 0 |
| 8. | Providing, laying, transporting, joining of NP 3 45 cm diaHumepipe with VAT and all complete works | 0 | 0 | 0 |
| 9. | Providing, laying, transporting, joining of NP 3 30 cm diaHumepipe with VAT and all complete works | 0 | 0 | 0 |
| 10. | Hoarding Board | 1 | 1 | 0 |
| 11. | Transportation of soil and filling on road | 2370 | - | X |

माथि तालिका १ को S.N.2 र 4 मा देखिएको फरक सम्बन्धमा झापा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, झापाका प्राविधिक सब इन्जिनियर बिज्ञान चम्लागाँईले तयार गरेको, इन्जिनियर अभिषेक दासले चेक गरी प्रमुख प्रशासकिय अधिकृत चोलाराज दंगालले स्वीकृत गरेको उक्त योजनाको कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख भएको दररेटसँग तुलना गर्दा देहाय अनुसार देखिन्छः

## तालिका नं. २: फरक रकम

| Description of Works | | Unit | तालिका १ बमोजिम आएको फरक परिमाण | गाउँपालिकाबाट तयार भएको कार्य सम्पन्नमा उल्लिखित दररेट (रु.) | फरक रकम (रु.) |
|---|---|---|---|---|---|
| Excavation filling, levelling, compaction of earth works | | Cu m | ३२४४ | ६० | १,९४,६४०। |
| Providing, laying, spreading, leveling of natural sand gravel upto 10 m | | Cu m | १९७५.६७ | १,०२० | २०,१५,१८३।४ |
| | जम्मा फरक | | | | २२,०९,८२३।४ |

५. **राष्ट्रिय विधि बिज्ञान प्रयोगशाला, बर्दिबास, महोत्तरीको पत्रः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीको च.नं. ITH-७९८०-४३७४७, मिति २०७९।१२।१० गतेको पत्र अनुसार सोधपुछ कागज लगायतका कार्य गर्न अनुसन्धान अधिकृत लेखनाथ दाहालसहितको टोलीलाई सोधपुछ कागज लगायतका कार्य गर्न खटाई पठाउँदा अनुसन्धान अधिकृतसहितको टोलीले उपभोक्ता समितिका अध्यक्ष धनपती थपलियाले पेश गरेको गिटी, पुरुवा माटो, ग्राभेल लगायत ढुवानी गरेको सम्बन्धमा देहाय अनुसारको व्यक्तिलाई देहाय अनुसारको रकम बुझाएको भनी भरपाई गरेकोमा निम्न लिखित व्यक्तिहरुले उक्त भरपाईमा दस्तखत गरेको हो वा होइन ? निजहरुले उक्त रकम बुझी लिएको हो वा होइन ? यकीन गरी वास्तविक भए गरेको विषय सम्बन्धमा सोधपुछ कागज गर्दा सम्पूर्णले भरपाईमा आफ्नो दस्तखत नभएको तथा परीक्षणको लागि नमूना दस्तखत दिन समेत तयार रहेको बेहोरा उल्लेख गरी कागज गरेको हुँदा अनुसन्धान अधिकृत लेखनाथ दाहालले परीक्षणको लागि सो व्यक्तिहरुको १०-१० वटा नमूना दस्तखत समेत संकलन गरी ल्याएको।

## तालिका नं. ३: सोधपुछ कागज गरी नमूना दस्तखत संकलन गरिएका व्यक्तिहरुको विवरण

| सि. नं. | भरपाईमा नाम भएको/नमूना दस्तखत संकलन गरिएका व्यक्तिहरुको नाम थर | भरपाईमा उल्लिखित मिति | वापत | ट्याक्टर नं. | भरपाईमा उल्लिखित बुझि लिएको रकम(रु) | कै. |
|---|---|---|---|---|---|---|
| १ | डिल्लीप्रसाद सेडाई | २०७५।०१।२६ | पुरुवा माटो | मे १ त ४१५३ | ४,००,००० | |
| | | २०७५।०२/१।३० | गिटी | मे १ त ४१५३ | ६,१२,००० | |
| | | २०७५।०१।२६ | पुरुवा माटो | मे १ त ६११४ | ४,००,००० | निजले रकम नबुझेको भनी बयानमा उल्लेख गरेको |
| | | २०७५।०२।०७ | ग्राभेल | मे १ त ४१५३ | ४,०२,५०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | रमणदास सिटौला | २०७५।०१।३० | गिटी | मे १ त ३९९६ | ६,१२,००० | |
| | | २०७५।०२।०७ | ग्राभेल | मे १ त ५४८५ | ७,००,००० | |
| ३ | सुभाष डाँगी | २०७५।०२/१।३० | गिटी | मे १ त ४७९१ | ६,१२,००० | |
| ४ | हेमन्त गौतम | २०७५।०१।२६ | पुरुवा माटो | को २ त ६२२१ | २,४४,००० | |
| ५ | प्रभुप्रसाद गणेश | २०७५।०२।०७ | ग्राभेल | मे १ त ५५९६ | ४,०२,५०० | |
| ६ | विकाश अग्रवाल | २०७५।०२/१।३० | गिटी | मे १ त ३७६२ | ३,०६,४०० | |
| ७ | प्रेमप्रसाद न्यौपाने | २०७५।०२/१।३० | गिटी | मे १ त ३३६० | ६,१२,००० | |
| ८ | परमेश्वरप्रसाद गणेश | २०७५।०१।२६ | पुरुवा माटो | मे १ त ४०३१ | ३,००,००० | |
| | **जम्मा** | | | | **५६,०३,४००** | |

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीको च.नं. ITH-७९८०-४४६३८, मिति २०७९।१२।१४ गतेको पत्रबाट माथि तालिका नं. २ मा उल्लेख भएको अनुसारका व्यक्तिहरुको दस्तखत रहेको सक्कल भरपाईहरु तथा अनुसन्धान अधिकृतद्वारा संकलित नमूना दस्तखतहरु समेत पठाई सोको प्रामाणिकता जाँच सम्बन्धी प्रतिवेदन उपलब्ध गराउन राष्ट्रिय विधि बिज्ञान प्रयोगशाला, बर्दिबास, महोत्तरीलाई पत्राचार भएकोमा प्रयोगशालाको च.नं. ३५४, मिति २०७९।१२।२३ गतेको पत्रबाट माथि तालिका नं. ३ मा उल्लिखित व्यक्तिहरुको नाम रहेको उल्लिखित मितिका भरपाईहरुमा भएको दस्तखत तथा अनुसन्धान अधिकृतद्वारा संकलित नमूना दस्तखतहरु **नमिल्ने** भन्नेसमेत बेहोरा उल्लेख भएको परीक्षण प्रतिवेदन।

६. **झापा गाउँपालिका, गाउँ कार्यपालिकाबाट लक्ष्मीमार्ग बाटो उच्चस्तरीय ग्राभेल योजनामा भएको भुक्तानी विवरणः** योजना संचालनपश्चात भुक्तानी निम्नाअनुसार भएको देखिन्छ।

**<u>तालिका नं. ४ः भुक्तानी विवरण</u>**

| बिलको प्रकार | गोश्वरा भौचर नं. | मिति | बिल रकम | अग्रीम आयकर कट्टी (रु.) | Contingency कट्टी (रु.) | उपभोक्ता समितिलाई भुक्तानी (रु.) |
|---|---|---|---|---|---|---|
| प्रथम रनिङ | ३०२ | २०७५।१।२८ | ६,७०,२६५।- | १०,०५३।९५ | १३,२०४।२२ | ६,४७,००६।८३ |
| दोश्रो रनिङ | ३४५ | २०७५।२।१५ | १५,१३,६८०।- | २२,२५१।६९ | ३०,२७३।०० | १४,६१,१५५।३१ |
| अन्तिम | ५४० | २०७५।३।१५ | २८,१६,०५५।- | ४१,३९६।- | ५६,३२१।१० | २७,१८,३३७।९० |
| | | | **५८,८१,६६५।-** | **७३,७०१।६४** | **९९,७९८।३२** | **४८,२६,५००।०४** |

७. **झापा गाउँपालिकाका वडा कार्यालयहरुबाट भएको सिफारिस विवरणः** योजना फरफारक गर्ने क्रममा देहाय अनुसार वडा नं.को वडा कार्यालयबाट देहाय अनुसारको च.नं. र मितिमा भुक्तानीको लागि सिफारिस भएको देखिन्छ।

**तालिका नं. ५ः भुक्तानी सिफारिस**

| वडा नं. | च.नं. | मिति | सिफारिसकर्ता (वडाध्यक्ष) | संक्षिप्त बेहोरा |
|---|---|---|---|---|
| ३ | ९८९ | २०७५।०३।०५ | मोती लाल गणेश | इष्टिमेट बमोजिम कार्यसम्पन्न भइसकेकोले सक्कलै बिल भरपाई र प्राविधिक कार्य सम्पन्नको आधारमा निकासा गरी दिन सिफारिस। |
| ७ | २४३ | २०७५।०२।३१ | नेत्रप्रसाद उप्रेती | योजना समाप्त भइसकेको, प्राविधिक इष्टिमेट बराबरको कामको लागि अनुगमनबाट अनुमोदन भई सकेकोले योजना फरफारक गरी दिन सिफारिस। |
| ६ | १४४८ | २०७५।०२।३१ | हरीबहादुर बानिया | योजना समाप्त भइसकेको, प्राविधिक इष्टिमेट बराबरको कामको लागि अनुगमनबाट अनुमोदन भईसकेकोले योजना फरफारक गरी दिन सिफारिस। |

८. **प्रतिवादी जिल्ला झापा, झापा गाउँपालिकाका अध्यक्ष जयनारायण साहको मौकाको बयान बेहोराः** म मिति २०७४ देखि झापा गाउँपालिकाको अध्यक्ष छु। उक्त योजनामा माटोको काम बढी र ग्राभेलको काम कम भएको थियो। बाढीको कारणले बाटो बगाउन सक्छ। Revise इस्टिमेट किन नबनाएको थाहा छैन। अनुगमन गर्दा अवस्था राम्रै थियो। अनुगमनको काम उपाध्यक्ष, वडा अध्यक्ष र प्राविधिकको हो, तर रेखदेख गर्ने काम प्रमुखको हो। लागत अनुसारको काम भएको, तर बाढीले गर्दा कम भएको हुन सक्छ।

९. **प्रतिवादी जिल्ला झापा, झापा गाउँपालिकाका तत्कालीन उपाध्यक्ष कुन्तीदेवी बुढाथोकीको मौकाको बयान बेहोराः** म झापा गाउँपालिका उपाध्यक्ष थिएँ। उक्त योजनामा माटोको काम बढी र ग्राभेलको काम कम भएको थियो। बाढीको कारणले गुणस्तर कम भएकोजस्तो लाग्छ। Revise इस्टिमेट किन नबनाएको थाहा छैन। अनुगमन गर्दा माटोको काम बढी र ग्राभेलको काम कम भएको देखिएको थियो।

१०. **प्रतिवादी जिल्ला झापा, झापा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत चोलाराज दंगालको मौकाको बयान बेहोराः** म मिति २०७३ साल चैत्र महिनादेखि

२०७६ जेठ महिनासम्म गाउँपालिकामा कार्यरत थिएँ। उक्त योजनामा ग्राभेल गर्ने विषय मात्र याद छ। ग्राभेल र माटोको काम गरे वापत भुक्तानी भएको हो। बर्षाको समयमा योजना सम्पन्न भएको तथा रोलर नगरिएकोले मोटाई तथा परिमाण कम भएको हुन सक्छ। गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षसमेतले अनुगमन गरी प्रतिवेदनमा सहीछाप गरेको र प्राविधिक कर्मचारीहरुले नापजाँच गरी कार्यालयमा पेश गरेको बिल भरपाईको आधारमा फरफारक भएको हो। Revise इस्टिमेट सम्बन्धमा प्राविधिकले राय नदिएको हुँदा तयार गरिएको होइन।

११. **प्रतिवादी जिल्ला झापा, झापा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका इन्जिनियर अभिषेक दासको मौकाको बयान बेहोराः** म मिति २०७४|११|०६ गतेदेखि हालसम्म झापा गाउँपालिकामा कार्यरत छु। इष्टिमेट अनुसार काम नभए पनि कार्यसम्पन्न प्रतिवेदन अनुसार काम भएको छ। योजना सम्पन्न भएको बेला ग्राभेलको मोटाई १० से.मी.नै थियो र परिमाण पनि कार्यसम्पन्न प्रतिवेदन अनुसार नै थियो। तर बर्षाको कारण तथा अत्यधिक लोडगाडी कुदेको कारणले गर्दा आयोगबाट जाँच हुँदा ग्राभेलको मोटाई नपुगेको हुन सक्छ। माटोको काम इष्टिमेटभन्दा बढी भएको कारण Revise इस्टिमेटको लागि समितिबाट माग भएको, तर गाउँकार्यपालिकाको निर्णयानुसार र आर्थिक नियमावली अनुसार कार्यसम्पन्न प्रतिवेदनमै भेरिएसन देखाउने प्रावधान भएकोले Revise इस्टिमेट बनाइएको होइन। मेरो झापा गाउँपालिकामा पहिलो नियुक्ति भई सो काम गरेको हुँदा अनुभवको केही कमी भएको कारणले गलती, त्रुटिहरु भएको हुन सक्छ। नियतले कुनै गलत कार्य गरेको छैन।

१२. **प्रतिवादी जिल्ला झापा, झापा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका सव-इन्जिनियर बिज्ञान चम्लागाँईको मौकाको बयान बेहोराः** म मिति २०७४|११|०६ गतेदेखि सेवा करारमा नियुक्ति भई हालसम्म झापा गाउँपालिकामा कार्यरत छु। इष्टिमेट अनुसार काम नभए पनि कार्यसम्पन्न प्रतिवेदन अनुसार काम भएको छ। योजना सम्पन्न भई नापजाँच गर्दा ग्राभेलको मोटाई १० से.मी. नै थियो र परिमाण पनि कार्यसम्पन्न प्रतिवेदन अनुसार नै थियो। तर सो माटोमा Traffic density high भएको, भारी बर्षातको कारणलेले गर्दा आयोगबाट जाँच हुँदा ग्राभेलको मोटाई तथा परिमाण नपुगेको हुन

सक्छ। सो बाटो माईखोलाको छेउँमा भएको एरिया भएकोले बर्षामा जलमग्न हुन्छ। त्यही कारणले ग्राभेल बगाएको र भासिएको हुन सक्छ। Quality control गर्नको लागि बाटोको दुबै साइडमा वाल उठाएर ग्राभेल गर्नुपर्दथ्यो र Compaction गर्नुपर्ने थियो, तर त्यो गर्न सकिएन। सम्झौता भई काम अगाडि बढ्न थालिसकेको हुनाले Revised इस्टिमेट तयार नगरिएको हो। मैले उक्त योजनामा पहिलोपटक काम गरेको हो।

१३. **प्रतिवादी जिल्ला झापा, झापा गाउँपालिका वडा नं.३ का तत्कालीन वडाध्यक्ष मोतीलाल गणेशको मौकाको बयान बेहोराः** मिति २०७५।०२।२९ मा बसेको अनुगमन समितिको बैठकमा भएको दस्तखत मेरो नै हो। सो बाटोको अनुगमन गर्दा काम भएको र प्राविधिक इन्जिनियरलाई सोधनी गर्दा पनि काम भएको भनेको, प्राविधिक मूल्याङ्कन र अनुगमनको सिफारिसको आधारमा कार्यसम्पन्न भएको भनी सिफारिस गरेको हुँ।

१४. **प्रतिवादी जिल्ला झापा, झापा गाउँपालिका वडा नं.६ का तत्कालीन वडाध्यक्ष हरीबहादुर बानियाको मौकाको बयानः** मिति २०७५।०२।२९ मा बसेको अनुगमन समितिको बैठकमा सहीछाप गरेको हो। बाटो अनुगमन गर्दा ठिकै थियो। गाउँपालिका अध्यक्ष तथा प्राविधिक इन्जिनियर समेतको अनुरोधबाट कार्यसम्पन्न भएको भनी सिफारिस गरेको छु।

१५. **प्रतिवादी जिल्ला झापा, झापा गाउँपालिका वडा नं. ७ का तत्कालीन वडाध्यक्ष नेत्रप्रसाद उप्रेतीको मौकाको बयानः** मिति २०७५।०२।२९ मा बसेको अनुगमन समितिको बैठकमा भएको सही मेरो नै हो। अनुगमन गर्दा बाटोमा गाडी सरर गुड्ने गरी राम्रो नै देखिएको थियो। इन्जिनियरलाई सोध्दा मापदण्ड अनुसार ठीक छ भनेपछि अनुगमन पेपरमा हस्ताक्षर गरी अन्तिम फरफारकको सिफारिस दिएको हो।

१६. **प्रतिवादी जिल्ला झापा, आ.व. ०७४/०७५ मा झापा गाउँपालिकाद्वारा वडा नं.३, ६ र ७ मा संचालित लक्ष्मीमार्ग बाटो ग्राभेल निर्माणकार्य उपभोक्ता समितिका अध्यक्ष धनपती थपलियाको बयानः** लक्ष्मीमार्ग बाटो ग्राभेल निर्माण कार्यमा विभिन्न कारणले गर्दा इस्टिमेट बमोजिम कार्य नभएको ठीक हो।

इस्टिमेटमा भनेबमोजिम कार्यसम्पन्न गर्न पर्याप्त बजेट थिएन, तर पनि सडकको कार्य तोकिए अनुसार नै भएको छ। केही ठाउँमा इस्टिमेटभन्दा ज्यादा ग्राभेल पनि भएको छ। उपभोक्ता समिति सचिव र मैले पेश गरेको आर्थिक प्रतिवेदनको विवरण अनुसार काम भई खर्च भएको ठीक साँचो हो। जे.सी.बी. र गिटीको भुक्तानी आर्थिक प्रतिवेदन अनुसार नै गरिएको हो, तर भरपाई चाहिन्छ भन्ने थाहा नभएकोले भरपाई बनाइएन।

१७. **प्रतिवादी जिल्ला झापा, आ.व. ०७४/०७५ मा झापा गाउँपालिकाद्वारा वडा नं.३, ६ र ७ मा संचालित लक्ष्मीमार्ग बाटो ग्राभेल निर्माणकार्यका उपभोक्ता समितिका सचिव फणिन्द्रप्रसाद खरेलको मौकाको बयानः** योजना संचालन गर्दा सार्वजनिकस्थानमा बोर्ड राखिएको थियो। सार्वजनिक सुननवाई पनि गरिएको थियो। काम गर्ने समय बर्षायाम भएकोले सम्झौता र इष्टिमेट नभई काम शुरु भएपछि कम बजेट आएकोले इष्टिमेट अनुसार कार्य गर्न सकिएन। उपभोक्ता समितिका अध्यक्ष धनपति थपलिया र मैले पेश गरेको आर्थिक प्रतिवेदन अनुसार नै ग्राभेलको काम भई खर्च भएको हो। मेरो दस्तखत नभए पनि मेरो समर्थन छ। जे.सी.बी. र गिटी भुक्तानी आर्थिक प्रतिवेदन अनुसार नै गरिएको, तर भरपाई बनाइएन।

१८. **प्रतिवादी जिल्ला झापा, आ.व. ०७४/०७५ मा झापा गाउँपालिकाद्वारा वडा नं.३, ६ र ७ मा संचालित लक्ष्मीमार्ग बाटो ग्राभेल निर्माणकार्य उपभोक्ता समितिका कोषाध्यक्ष शान्तादेवी सुव्वा (राई) भन्ने शन्तमाया सुव्वा लिम्बूको बयानः** म उपभोक्ता समितिको कोषाध्यक्ष थिँए। आर्थिक कारोबार अध्यक्ष र सचिवले गरेका थिए। सो योजना कसरी सम्पन्न गरे मलाई थाहा छैन। सचिवले कहिलेकाँही यो कागजमा सही गर्नुपर्यो भनी ल्याउँदा मैले सही मात्र गरेको हो। मैले कुनै रकम बुझेको छैन। मेरो जे.सी.बी. पनि छैन। अध्यक्ष र सचिवले सबै काम ठीक छ भन्थे। कस्तो काम गरे मलाई थाहा भएन।

१९. **आ.व. ०७४/०७५ मा झापा गाउँपालिकाद्वारा वडा नं.३, ६ र ७ मा संचालित लक्ष्मीमार्ग बाटो ग्राभेल निर्माणकार्य उपभोक्ता समितिका सह-सचिव मोहन कार्कीको बयानः** म उपभोक्ता समितिको सह-सचिव

थिँए। आर्थिक कारोबार अध्यक्ष र सचिवले गरेका थिए। जग्गाधनीहरुबाट अवरोध हुँदा मध्यस्थकर्ताको भूमिका समितिले दिएका थिए। नाली खनेर डोजरबाट माटो पुरेको र नपुग ठाँउमा ट्याक्टरबाट माटो ल्याई पुरेको हो। मेरो जे.सी.बी. पनि छैन। ट्याक्टरबाट माटो ढुवानी वापत सचिवबाट नगद रु.२,६५,०००।- र जे.सि.बि.को १५३ घण्टाको रु.२,९०,७००।-बुझी सम्बन्धित ट्याक्टरधनी / जे.सि.वि.धनीहरुलाई बुझाएको, तर बिल भरपाई नलिएको।

२०. **जिल्ला झापा, झापा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका लेखापाल तेजबहादुर आचार्यले गरेको बयानः** म मिति २०७३ सालदेखि हालसम्म झापा गाउँपालिकामा कार्यरत छु। इष्टिमेट अनुसार पुरा काम भएको छैन। बढी माटोको काम गर्नुपर्ने भएकोले इस्टिमेट अनुसार काम भएन। प्राविधिक बिल, कार्यसम्पन्न प्रतिवेदन तथा उपभोक्ता समितिको माग स्वीकृत कागजातका आधारमा भुक्तानी दिइएको हो। भुक्तानी बराबरको काम भयो, भएन भनी निरीक्षण, अनुगमन गर्ने काम कार्यालयका प्राविधिकहरु र अनुगमन समितिको रहेको हुँदा कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजातहरु कार्यालयमा पेश भई मभन्दा माथिका प्रमुखबाट तोक आदेश भए पश्चात उल्लिखित रकम बराबर काम भएको सम्झी मैले भुक्तानीको लागि सिफारिस गरेको छु। म फिल्डमा खटिएको नहुँदा उल्लिखित रकम बराबरको काम भए/नभएको सम्बन्धमा अनभिज्ञ छु। उपभोक्ता समितिले माटो र ग्राभेलको कामको सामग्री टयाक्टरबाट ढुवानी गरेको भनी टयाक्टरको कागजातहरु पेश गरेको हुँदा भ्याट कट्टा भएको होइन। उक्त माटो ग्राभेल गर्ने समयमा बर्षातको समय भएकोले पानीले ग्राभेल पातलो भएको हुन सक्छ। ग्राभेलको परिमाण र मोटाई प्राविधिक विषय भएकोले मलाई थाहा भएन।

२१. **झापा गाउँपालिका वडा नं. ७ बस्ने देवीप्रसाद सेडाईंका नाति अग्नीप्रसाद सेडाईंका छोरा बर्ष ४७ का डिल्लीप्रसाद सेडाईंले गरेको बयानः** मे१त ४१५३ नम्बरको टयाक्टर मेरो हो। मे१त ६११४ को टयाक्टर मेरो होइन। उक्त योजना सम्बन्धमा पेश भएका भरपाईहरुमा भएको दस्तखत मेरो होइन। मैले पुरुवा माटो पुऱ्याए वापत रु.३,३३,५००।-सचिव फणिन्द्र खरेलबाट बुझेको हो। तर सोको

भरपाईमा मलाई सही गराएका थिएनन्। के-कसरी उक्त भरपाईहरुमा मेरो सही भई पेश भयो, मलाई थाहा भएन। मिति २०७५।०२।३० को भरपाईमा भएको दस्तखत मेरो होइन।

२२. **आरोप र मागदावीः** प्रस्तुत भ्रष्टाचार कसुरमा संलग्न प्रतिवादीहरूउपर देहायबमोजिमको सजाय र बिगो बमोजिम जरिवाना गरी बिगो असुलउपर तथा जफत समेत गरी पाउँ भन्ने आरोप-पत्र मागदावीः-

क. **प्रतिवादीहरु तत्कालीन प्रमुख प्रशासकीय अधिकृत चोलाराज दंगाल, इन्जिनियर अभिषेक दास र सब-इन्जिनियर बिज्ञान चम्लागाँईका हकमाः** प्रतिवादीहरु चोलाराज दंगाल, अभिषेक दास, बिज्ञान चम्लागाँई समेतले नेपाल सरकारलाई गैरकानूनी हानि र आफूहरुलाई लाभ पुऱ्याउने बदनियतले उक्त योजनाको फिल्डमा अनुगमन/निरीक्षण गरी सोको वास्तविक परिमाण प्रमाणित गरी नापी किताब तयार गरी भुक्तानीको लागि सिफारिस गर्नुपर्नेमा पूर्वाधार विकास कार्यालय, झापाबाट प्राप्त प्राविधिक फिल्ड प्रतिवेदन अनुसार मनासिव कारणविना माटोको कामको लम्बाई, चौडाई, उचाई र ग्राभेलको Thickness ०.१० मिटरभन्दा कतिपय चेनेजमा कम भए तापनि ०.१० मिटर रहेको भनी तालिका नं. १ बमोजिम Providing, Laying, Spreading, Levelling of Natural Sand Gravel up to 10 m Item मा १९७५.६७ घनमिटर (Cum) बढी र Excavation Filling, Levelling, Compaction of Earth works Item मा ३२४४ घनमिटर (Cum) बढी साईटमा नगरे नगराएको परिमाणको कार्य भएको भनी नापी किताबमा चढाई, झुट्ठा बिल भरपाई र गलत कार्यसम्पन्न प्रतिवेदन तयार गरी आ-आफ्नो पदीय जिम्मेवारी बहन नगरी राज्यको सम्पत्ति हानि नोक्सानी गर्ने मनसायले बदनियत राखी झुट्ठा बिल भरपाई बनाई, नभएको कामको कार्यसम्पन्न प्रतिवेदन तयार गरी तालिका नं. २ वमोजिमको रु.२२,०९,८२३।४० (बाईसलाख नौहजार आठसय तेइस रुपैयाँ चालिस पैसा)को बढी भुक्तानीको लागि नापी किताब, उपभोक्ता सम्बन्धी बिल तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्ने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ग) र (ङ) बमोजिम मनासिव कारणबिना शर्त तथा मापदण्डबमोजिम भएको हो भनी प्रमाणित तथा स्वीकृत गर्ने र झुट्ठा बिल भरपाई बनाई भुक्तानी दिने कसूर

गरेकोले निज प्रतिवादीहरु त्रयलाई बढी भुक्तानी दिएको रकम रु.२२,०९,८२३।४० (बाईसलाख नौहजार आठसय तेइस रुपैयाँ चालिस पैसा) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को **दफा ८(१)** बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी, बिगो समेत असुल उपर हुन, साथै निज प्रतिवादीहरु त्रयले उक्त योजनाको गलत नापी किताब, उपभोक्ता सम्बन्धी बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरी गलत प्रतिवेदन दिने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को **दफा १९(२)** बमोजिमको कसूर गरेको हुँदा सोही ऐनको दफा १९(२) वमोजिम कैद र जरिवाना समेत गरी पाउँ

ख. **प्रतिवादीहरु उपभोक्ता समितिका अध्यक्ष धनपति थपलिया, सचिव फणिन्द्रप्रसाद खरेल र कोषाध्यक्ष शान्तादेवी सुव्वा (राई) भन्ने शन्तमाया सुव्वा लिम्बूको हकमाः** प्रतिवादीहरु धनपति थपलिया र फणिन्द्रप्रसाद खरेलले जिल्ला झापा, झापा गाउँपालिका वडा नं. ३, ६, ७ स्थित "लक्ष्मीमार्ग बाटो उच्चस्तरीय ग्राभेल" योजना संचालनको लागि गठन भएको लक्ष्मीमार्ग बाटो उपभोक्ता समितिका अध्यक्ष र सचिव भई उपभोक्ता समितिको खाता सञ्चालन गरेको र प्रतिवादी उपभोक्ता समितिका कोषाध्यक्ष शान्तादेवी सुव्वा (राई) भन्ने शन्तमाया सुव्वा लिम्बूसमेतले मिति २०७५।०३।१४ गतेको निवेदनबाट प्राविधिक मूल्याङ्कन अनुसारको रकम उपभोक्ता समितिलाई उपलब्ध गराउन सिफारिस गरी नगरपालिकासँग भएको सम्झौता बमोजिमको शर्त पालना नगरी, लागत अनुमान बमोजिम गर्नुपर्ने तालिका नं. १ बमोजिमका सबै कामहरु नगरी कार्यसम्पन्न भएको भनी र भुक्तानी माग गर्दा पेश गरेको बिल भरपाईहरुमा उल्लिखित व्यक्तिहरुसँग सोधपुछ कागज गर्दा सम्पूर्णले भरपाईमा आफ्नो दस्तखत नभएको खुलाएको र सो सम्बन्धमा निजहरुको नमूना दस्तखत संकलन गरी दस्तखतको प्रामाणिकता जाँच प्रतिवेदनको लागि राष्ट्रिय विधि बिज्ञान प्रयोगशाला, बर्दिबास, महोत्तरी पठाउँदा भरपाईहरुमा भएको दस्तखत तथा अनुसन्धान अधिकृतद्वारा संकलित नमूना दस्तखतहरु नमिल्ने भनी प्रतिवेदन प्राप्त भई किर्ते/झुट्टा बिल भरपाई पेश गरी तालिका नं. २ बमोजिमको नेपाल

सरकारलाई गैरकानूनी हानि र आफूहरुलाई लाभ पुऱ्याउने बदनियतले रु.२२,०९,८२३।४० (बाईसलाख नौहजार आठसय तेइस रुपैयाँ चालिस पैसा)को बढी बिल गाउँपालिकाको कार्यालयमा पेश गरी बढी भुक्तानी समेत लिई रकम झिकी खाईमासी भ्रष्टाचार निवारण ऐन, २०५९ को **दफा ८(४)** वमोजिम कसुर गरेको देखिएकोले निज प्रतिवादी त्रय धनपति थपलिया, फणिन्द्रप्रसाद खरेल र शान्तादेवी सुव्वा(राई) भन्ने शन्तमाया सुव्वा लिम्बूलाई रु.२२,०९,८२३।४० (बाईसलाख नौहजार आठसय तेइस रुपैयाँ चालिस पैसा) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) वमोजिम सजाय गरी बिगोसमेत जफत गरी पाउँ।

ग. **प्रतिवादी झापा गाउँपालिकाका अध्यक्ष जयनारायण साहका हकमाः** प्रतिवादी जयनारायण साहले उल्लिखित मिति २०७५।०३।१४ गतेको निवेदनबाट प्राविधिक मूल्याङ्कन अनुसारको रकम उपभोक्ता समितिलाई भुक्तानी गर्न सिफारिस गरेको सम्बन्धमा निजसँग सोधनी हुँदा निजले कसूर स्थापित हुने अवस्था सृजना भएपश्चात विभिन्न बरबहाना बनाई आफ्नो जिम्मेवारीबाट पन्छिने हिसाबले बयान दिएको देखिँदा निजसमेतले गाउँपालिकाका प्राविधिक कर्मचारी, भुक्तानी दिने पदाधिकारीहरु तथा उपभोक्ता समितिसँग मिलोमतो गरी सरकारलाई हानि नोक्सानी पुऱ्याउने बदनियतले भुक्तानीको लागि सिफारिस गरेको (प्रतिवेदन दिएको) पुष्टि भएबाट निज गाउँपालिका अध्यक्ष जयनारायण साहले मिलोमतो गरी उपभोक्ता समितिलाई वास्तविक भए गरेको कामभन्दा बढी भुक्तानी दिने बदनियतले गलत सिफारिस गरी (प्रतिवेदन दिई) भ्रष्टाचार निवारण ऐन, २०५९ को **दफा १९(२)** बमोजिम कसुर गरेको देखिएकोले सोही ऐनको दफा १९(२) बमोजिम कैद र जरिवाना गरी पाउँ।

घ. **प्रतिवादी झापा गाउँपालिकाका तत्कालीन उपाध्यक्ष कुन्तीदेवी बुढाथोकीको हकमाः** प्रतिवादी कुन्तीदेवी बुढाथोकी अनुगमन तथा सुपरीवेक्षण समितिको संयोजक रहेको र मिति २०७५।०२।२९ गतेको अनुगमन समितिसमेतको उपस्थितिमा भएको बैठकमा उल्लिखित

योजना सम्पन्न भईसकेको भनी निर्णय गरी उल्लिखित मिति २०७५।०३।१४ को निवेदनबाट अनुगमनकर्ताको रुपमा प्राविधिक मूल्याङ्कन अनुसारको रकम उपभोक्ता समितिलाई भुक्तानी गर्न सिफारिस गरेको (प्रतिवेदन दिएको) देखिएको तथा बयानको क्रममा कसूर स्थापित हुने आवस्था सृजना भएपश्चात विभिन्न बरबहाना बनाई आफ्नो जिम्मेवारीबाट पन्छिने हिसाबले बयान दिएको देखिँदा निजसमेतले गाउँपालिकाका प्राविधिक कर्मचारी, भुक्तानी दिने पदाधिकारीहरु तथा उपभोक्ता समितिसँग मिलोमतो गरी सरकारलाई हानि नोक्सानी पुऱ्याउने बदनियतले गलत सिफारिस (प्रतिवेदन) तथा निर्णय गरेको पुष्टि भएबाट तत्कालीन उपाध्यक्ष कुन्तीदेवी बुढाथोकीले मिलोमतो गरी उपभोक्ता समितिलाई वास्तविक भए गरेको कामभन्दा बढी भुक्तानी दिने बदनियतले गलत सिफारिस (प्रतिवेदन) तथा निर्णय गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा **१९(२)** बमोजिम कसूर गरेको देखिएकोले सोही ऐनको दफा १९(२) बमोजिम कैद र जरिवाना गरी पाउँ।

ङ. **प्रतिवादी झापा गाउँपालिका वडा नं. ६ का तत्कालीन वडाध्यक्ष हरीबहादुर बानिया, वडा नं. ७ का तत्कालीन वडाध्यक्ष नेत्रप्रसाद उप्रेती र वडा नं. ३ का तत्कालीन वडाध्यक्ष मोतीलाल गणेशसमेतका हकमाः** प्रतिवादीहरु हरीबहादुर बानिया, नेत्रप्रसाद उप्रेती र मोतीलाल गणेशसमेतले अनुगमन तथा सुपरीवेक्षण समितिका सदस्यको रुपमा मिति २०७५।०२।२९ गतेको अनुगमन समितिसमेतको उपस्थितिमा भएको बैठकमा उल्लिखित योजना सम्पन्न भईसकेको भनी निर्णय गरेको साथै योजनाको भुक्तानीको लागि तालिका नं. ५ अनुसार सिफारिस (प्रतिवेदन) गरेको देखिएको सम्बन्धमा निजहरुसँग सोधनी हुँदा कसूर स्थापित हुने अवस्था सृजना भएपश्चात विभिन्न बरबहाना बनाई आफ्नो जिम्मेवारीबाट पन्छिने हिसाबले बयान दिएको देखिँदा निज प्रतिवादीहरुले गाउँपालिकाका प्राविधिक कर्मचारी, भुक्तानी दिने पदाधिकारीहरु तथा उपभोक्ता समितिसँग मिलोमतो गरी सरकारलाई हानि नोक्सानी पुऱ्याउने बदनियतले गलत सिफारिस (प्रतिवेदन) तथा निर्णय गरेको पुष्टि भएबाट वडा नं. ६ का तत्कालीन वडाध्यक्ष हरीबहादुर

बानिया, वडा नं. ७ का तत्कालीन वडाध्यक्ष नेत्रप्रसाद उप्रेती र वडा नं. ३ का तत्कालीन वडाध्यक्ष मोतीलाल गणेश समेतले मिलोमतो गरी उपभोक्ता समितिलाई वास्तविक भए गरेको कामभन्दा बढी भुक्तानी दिने बदनियतले गलत सिफारिस (प्रतिवेदन) तथा निर्णय गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को **दफा १९(२)** बमोजिम कसूर गरेको देखिएकोले निज प्रतिवादीहरुलाई सोही ऐनको दफा १९(२) बमोजिम कैद र जरिवाना गरी पाउँ।

२३. **प्रतिवादी फणिन्द्रप्रसाद खरेलले यस अदालतसमक्ष गरेको वयान बेहोराः** इस्टिमेट तथा सम्झौताबमोजिम नै बाटो निर्माण भएको, भएगरेको कामको मात्र भुक्तानी गरी सो रकम डोर हाजिरीबमोजिम कामदारलाई र माटो, ढुङ्गा, गिट्टी लगायत अन्य सामाग्री दुवानी गरेवापतको रकम ट्याक्टर ड्राइभर, धनीहरुलाई बाँडफाँड गरेको हो। ठुलो बाढी आएर माटो, ढुङ्गा लगायतका सामाग्री बगाएपश्चात मात्र अख्तियारको टोलीले नापजाँच गरेको हुनाले भएको वास्तविक कार्यभन्दा कम परिमाणको कार्य देखिएको हो। कुनै अनियमितता भएको छैन। रिसइवीको कारणले परेको हनुमान चौकदेखि सिमलबाडीसम्मको वाटो निर्माणमा अनियमितता गरेको भन्ने बेहोराको उजुरी झुठ्ठा हो। सम्झौता, अनुगमन, अन्तिम मूल्याङ्कन, नापजाँच, प्राविधिक प्रतिवेदन, डोर हाजिरी लगायतका प्रक्रिया पुरा गरी रकम भुक्तानीको लागि निवेदन पेश गरी वडा कार्यालयबाट सिफारिस भई गाउँपालिकाबाट कानूनबमोजिम भुक्तानी लिएका हौं। रु.१०,००,०००।-बराबरको जनश्रमदान भनिए तापनि जनश्रमदानवापत कुनैपनि रकम संकल हुन सकेन, स्थानीय जनताले जनश्रमदान नै गरेनन्। झुठ्ठा आरोपदावीबाट सफाई पाउँ।

२४. **प्रतिवादी शन्तमाया सुब्बा लिम्बूले यस अदालतसमक्ष गरेको वयान बेहोराः** बाटो बनाउँदा जनश्रमदान वापतको रकम प्राप्त भएको थिएन। २५ फिट चौडाइको बाटोलाई ५० फिट बनाईएको, बाटो विस्तार गर्दा ठूलाठूला खाल्डाहरू पुरिएको, बाटो छेउँका रुखहरु काटिएको र संरचनाहरु भत्काइएको एवं झाडीहरु सफा गरिएको थियो। गाउँपालिकाको रकमबाट ७ कि.मि. सडक मात्र बनाएको हो। बाटो विस्तारमा घर जग्गा परेका व्यक्तिहरुले गलत उजुरी दिएका हुन्।

आरोपदावीजस्तो रकम हिनामिना भएको छैन। कुनै गलत काम भएको छैन। कन्काई नदी र विरिङ खोलामा आएको बाढीको कटानले केही बिग्रिएको बाटो मर्मत नहुँदै अख्तियारबाट नापजाँच गरी थोरै काम देखिएको भन्ने प्रतिवेदन गलत रहेको छ। झुट्ठा आरोपदावीबाट सफाई पाउँ।

२५. **प्रतिवादी धनपति थपलियाले यस अदालतसमक्ष गरेको वयान बेहोराः** जनश्रमदान वापतको रकम जम्मा नभएकोले सो रकम खर्च भएको होइन। २५ फिट चौडाईको बाटो ५० फिट बनाइएको थियो। कहीँकतैबाट आर्थिक सहयोग नभएको र गाउँपालिकाले दिएको रकमबाट ७ कि.मि. मात्र सडक निर्माण गरेको हो। कुनै रकम हिनामिना भएको छैन। कुनै गलत काम भएको छैन। कन्काई नदी र विरिङ खोलाको बाढीले कटान गरी माटो र ग्राभेल बगाएकोमा बाटो मर्मत नहुँदै अख्तियारको टोलीले नापजाँच गरी दिएको प्रतिवेदन गलत रहेको छ। झुट्ठा आरोपदावीबाट सफाई पाउँ।

२६. **प्रतिवादीहरु फणिन्द्रप्रसाद खरेल, शन्तमाया सुब्बा लिम्बू र धनपति थपलियाको हकमा भएको थुनछेक आदेशः** प्रतिवादीहरुले आरोपदावीमा ईन्कार रही बयान गरी अदालतसमक्ष वयान गरे तापनि प्रस्तुत मुद्दामा मिसिल संलग्न उजुरी निवेदन, झापा गाउँपालिकाबाट प्राप्त योजना सम्झौता, योजना सञ्चालनका लागि स्वीकृत भएको लागत अनुमान, झापा गाउँपालिकाबाट तयार गरिएको निर्माणकार्यको नापी किताब, सम्झौता सम्बन्धी बिल र कार्यसम्पन्न प्रतिवेदनसमेतको प्राविधिक मूल्याङ्कन कागजात, उपभोक्ता समितिलाई भुक्तानी दिइएको रकमको गोश्वारा भौचरसमेतका कागज प्रमाणहरु समेतका मिसिल संलग्न तत्काल प्राप्त प्रमाणबाट प्रतिवादीहरुका हकमा विशेष अदालत ऐन, २०५९ को दफा ७(घ) को अवस्था विद्यमान रहेको देखिँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरे वमोजिम हुने गरी कसुरको प्रकृति एवं प्रतिवादीहरुको पदीय हैसियत, बिगो दावी समेतलाई दृष्टिगत गरी हाललाई प्रतिवादी धनपति थपलियाबाट रु.५०,०००।-(पचास हजार रुपैयाँ), प्रतिवादी फणिन्द्रप्रसाद खरेलबाट रु.४५,०००।-(पैंचालिस हजार रुपैयाँ) र प्रतिवादी शन्तमाया सुब्बा लिम्बूबाट रु.३०,०००।-(तीस हजार रुपैयाँ) धरौटी मागिएको छ। निज प्रतिवादीहरुले सो माग भएको धरौटी नगदै वा बैंक जमानत दिए लिई निजहरुलाई तारिखमा राख्नु र सो दिन नसके

नियमानुसार थुनामा राख्नु भनी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८(२) तथा दफा ८० बमोजिम थुनुवापूर्जी दिई कारागार कार्यालयमा पठाईदिनु भनी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७९ बमोजिम यो आदेश पर्चा गरिदिएको छ।

२७. **धरौटीः** यस अदालतको मिति २०८०।०४।११ को उल्लिखित आदेशानुसार माग भएको धरौट ऐ. मितिमा प्रतिवादी त्रयले क्रमशः र.नं. १८, २० र १९ बाट दाखिला गरी मुद्दा पुर्पक्ष गरेको।

२८. **प्रतिवादी बिज्ञान चम्लागाईंले यस अदालतसमक्ष गरेको वयान बेहोराः** इस्टिमेट तथा सम्झौता बमोजिमकै बाटो निर्माण भएको, समितिले काम गर्दा आइटममा तलमाथि भए पनि गलत नापी किताब नबनाएको र प्राविधिक बिलबमोजिम भए गरेको कामको मात्र भुक्तानी भएको हो। बाढीले कटान गरी माटो र ग्राभेल बगाएको र बाटो मर्मत नहुँदै अख्तियारको टोलीले नापजाँच गरेको हुँदा कम परिमाणको काम देखिएको हो। उपभोक्ता समितिबाट काम भएको हो। प्राविधिकहरुबाट अनुगमन भइरहेकै हो। कुनै पनि अनियमितता भएको होइन। झुट्ठा आरोपदावीबाट सफाई पाउँ।

२९. **प्रतिवादी अभिषेक दासले यस अदालतसमक्ष गरेको वयान बेहोराः** उजुरी बेहोरा झुठ्ठा हो। इस्टिमेट तथा सम्झौता बमोजिमकै बाटो निर्माण भएको हो। समितिले काम गर्दा आइटममा तलमाथि भएको हो। गलत नापी किताब बनाएको होइन। प्राविधिक बिलबमोजिम सम्पन्न भए गरेको कामको मात्र भुक्तानी गरेको हो। बाढीले कटान गरी माटो र ग्राभेल बगाएको र बाटो मर्मत नहुँदै अख्तियारको टोलीले नापजाँच गरेको हुँदा कम परिमाणको काम देखिएको हो। प्राविधिकहरुले अनुगमन गरेकै हुन्। झुट्ठा आरोपदावीबाट सफाई पाउँ।

३०. **प्रतिवादी बिज्ञान चम्लागाईं र प्रतिवादी अभिषेक दासको हकमा भएको थुनछेक आदेशः** प्रतिवादीहरुले आरोपदावीमा ईन्कार रही बयान गरी अदालतसमक्ष वयान गरे तापनि प्रस्तुत मुद्दामा मिसिल संलग्न उजुरी निवेदन, झापा गाउँपालिकाबाट प्राप्त योजना सम्झौता, योजना सञ्चालनका लागि स्वीकृत भएको लागत अनुमान, झापा गाउँपालिकाबाट तयार गरिएको निर्माणकार्यको नापी किताब, सम्झौता सम्बन्धी बिल र कार्यसम्पन्न प्रतिवेदनसमेतको प्राविधिक मूल्याङ्कन कागजात, उपभोक्ता समितिलाई

भुक्तानी दिइएको रकमको गोश्वारा भौचरसमेतका कागज प्रमाणहरु समेतका मिसिल संलग्न तत्काल प्राप्त प्रमाणबाट प्रतिवादीहरुका हकमा विशेष अदालत ऐन, २०५९ को दफा ७(घ) को अवस्था विद्यमान रहेको देखिँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरे वमोजिम हुने गरी कसुरको प्रकृति एवं प्रतिवादीहरुको पदीय हैसियत, बिगो दावी समेतलाई दृष्टिगत गरी हाललाई प्रतिवादी बिज्ञान चम्लागाइँबाट रु.४५,०००।-(पैंचालिसहजार रुपैयाँ) र प्रतिवादी अभिषेक दासबाट रु.५०,०००।- (पचासहजार रुपैयाँ) धरौट वा सो बराबरको बैंक जमानत माग गर्ने आदेश मागिएको छ। माग बमोजिमको नगद धरौट वा बैंक जमानत दिए लिई निजहरुलाई तारिखमा राख्नु। सो दिन नसके मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८(२) तथा दफा ८० बमोजिम थुनुवापूर्जी दिई नियमानुसार थुनामा राख्न कारागार कार्यालयमा पठाईदिनु भनी सोही संहिताको दफा ७९ बमोजिम यो आदेश पर्चा गरिएको छ।

३१. **धरौटीः** यस अदालतको मिति २०८०।०४।१५ को उल्लिखित आदेशानुसार माग भएको धरौट ऐ. मितिमा प्रतिवादी द्वयले क्रमशः र.नं. २५ र २४ बाट दाखिला गरी मुद्दा पुर्पक्ष गरेको।

३२. **प्रतिवादी नेत्रप्रसाद उप्रेतीले यस अदालतसमक्ष गरेको वयान बेहोराः** बाटो निर्माणमा अनियमितता भएको भन्ने उजुरी बेहोरा झुठ्ठा हो। कुनै झुठ्ठा बिल भरपाई पेश गरेका छैनौं। बाटो हेर्ने ईन्जिनियरसमेतले मापदण्डबमोजिम बाटो बनेको छ भनी जवाफ आएमा सिफारिससम्म गरिदिने हो। लागत इस्टिमेट र सम्झौता बमोजिम निर्माणकार्य भएको छ। बाढीले कटान गरी ग्राभेल बगाएको, बाटो मर्मत नहुँदै अख्तियारको टोली आएको र नापजाँच गरेकोले थोरै परिमाणको निर्माणकार्य देखिएको हो। २५ फुटको बाटोलाई ५० फुटसम्म बनाइएको हो। कसलाई केमा चित्त नबुझेर उक्त उजुरी दिएका हुन्। झुठ्ठा आरोपदावीबाट सफाई पाउँ।

३३. **प्रतिवादी हरिबहादुर बानियाले यस अदालतसमक्ष गरेको वयान बेहोराः** बाटो निर्माणमा अनियमितता भएको छैन। उक्त उजुरी बेहोरा झुठ्ठा हो। बाटो निर्माणको विषयमा निर्णय हुँदा आफू गाउँपालिकाको बैठकमा उपस्थित नभएको र निर्णयमा सही समेत गरेको छैन। उक्त योजनामा

रु.५०,००,०००।-विनियोजन भएको हो भन्ने मात्र थाहा छ। कुनै झुठ्ठा बिल भरपाई पेश गरेका छैनौं। बाटो हेर्ने ईन्जिनियरसमेतले मापदण्डबमोजिम बाटो बनेको छ भनी जवाफ आएमा सिफारिससम्म गरिदिने हो। लागत इस्टिमेट र सम्झौता बमोजिम निर्माणकार्य भएको छ। बाढीले कटान गरी ग्राभेल बगाएको, बाटो मर्मत नहुँदै अख्तियारको टोली आएको र नापजाँच गरेकोले थोरै परिमाणको निर्माणकार्य देखिएको हो। चौडाई २५ फुट भएको बाटोलाई ५० फुटसम्म बनाइएको हो। कसलाई केमा चित्त नबुझेर उक्त उजुरी दिएका हुन्। प्रस्तुत झुठ्ठा आरोपदावीबाट सफाई पाउँ।

३४.**प्रतिवादी मोतीलाल गणेशले यस अदालतसमक्षगरेको वयानः** लागत इस्टिमेट र सम्झौता बमोजिम नै निर्माणकार्य भएको छ। बाटो निर्माणमा उपभोक्ता समितिले कुनै अनियमितता गरेको छैन। उक्त उजुरी बेहोरा झुठ्ठा हो। बाटो निर्माणको विषयमा निर्णय हुँदा आफू गाउँपालिकाको बैठकमा उपस्थित नभएको र निर्णयमा सही समेत गरेको छैन। गाउँपालिकाले उक्त योजनामा रु.५०,००,०००।-विनियोजन गरेको हो। मापदण्डबमोजिम बाटो बनेको सिफारिस, बिल, भरपाई र प्रतिवेदनका आधारमा भुक्तानी भएको हो। लागत इस्टिमेट र सम्झौता बमोजिम निर्माणकार्य भएको छ। बाढीले निर्माणकार्यको कटान गरी बगाएको, बाटो मर्मत नहुँदै अख्तियारको टोली आएको र नापजाँच गरेकोले कम परिमाणमा निर्माणकार्य देखिएको हो। कसलाई केमा चित्त नबुझेर उक्त उजुरी दिएका हुन्। प्रस्तुत झुठ्ठा आरोपदावीबाट सफाई पाउँ।

३५.**प्रतिवादी कुन्तीदेवी बुढाथोकीले यस अदालतसमक्ष गरेको वयान बेहोराः** उपभोक्ता समितिबाट इमान्दारिपूर्वक काम भएको हो। अनियमितताको बारेमा उपाध्यक्षलाई थाहा हुँदैन। लागत इस्टिमेट र सम्झौता बमोजिम निर्माणकार्य भएको छ। उपभोक्ता समितिले बिल, भरपाई र प्रतिवेदन पेश गरी वडा कार्यालयबाट ल्याएको सिफारिसमा मैले सहीछापसम्म गरेको हुँ। हामीले हेर्दा योजना अनुसारको ७ कि.मि. बाटो बनेको थियो। ग्राभेलिङ गरेको थियो। गाउँपालिकाले बाटो निर्माणमा

रु.५०,००,०००।-विनियोजन गरेको थियो। कसलाई के कुरामा चित्त नबुझेर उक्त झुठ्ठा उजुरी दिएका हुन्। प्रस्तुत झुठ्ठा आरोपदावीबाट सफाई पाउँ।

३६. **प्रतिवादीहरु नेत्रप्रसाद उप्रेती, हरिबहादुर बानिया, मोतीलाल गणेश र कुन्तीदेवी बुढाथोकीको हकमा भएको थुनछेक आदेशः** प्रतिवादीहरुले आरोपदावीमा ईन्कार रही बयान गरी अदालतसमक्ष बयान गरे तापनि प्रस्तुत मुद्दामा मिसिल संलग्न उजुरी निवेदन, झापा गाउँपालिकाबाट प्राप्त योजना सम्झौता, योजना सञ्चालनका लागि स्वीकृत भएको लागत अनुमान, झापा गाउँपालिकाबाट तयार गरिएको निर्माणकार्यको नापी किताब, सम्झौता सम्बन्धी बिल र कार्यसम्पन्न प्रतिवेदनसमेतको प्राविधिक मूल्याङ्कन कागजात, उपभोक्ता समितिलाई भुक्तानी दिइएको रकमको गोश्वारा भौचरसमेतका कागज प्रमाणहरु समेतका मिसिल संलग्न तत्काल प्राप्त प्रमाणबाट प्रतिवादीहरुका हकमा विशेष अदालत ऐन, २०५९ को दफा ७(घ)को अवस्था विद्यमान रहेको देखिँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरे वमोजिम हुने गरी कसुरको प्रकृति एवं प्रतिवादीहरुको पदीय हैसियत, बिगो दावी समेतलाई दृष्टिगत गरी हाललाई प्रतिवादीहरु नेत्रप्रसाद उप्रेती, हरिबहादुर बानिया, मोतीलाल गणेश र कुन्तीदेवी बुढाथोकीबाट जनही रु.५,०००।-(पाँच हजार रुपैयाँ) धरौट वा सो बराबरको बैंक जमानत माग गर्ने आदेश मागिएको छ। माग बमोजिमको नगद धरौट वा बैंक जमानत दिए लिई निजहरुलाई तारिखमा राख्नू। सो दिन नसके मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८(२) तथा दफा ८० बमोजिम थुनुवापूर्जी दिई नियमानुसार थुनामा राख्न कारागार कार्यालयमा पठाईदिनु भनी सोही संहिताको दफा ७९ बमोजिम यो आदेश पर्चा गरिएको छ।

३७. **धरौटीः** यस अदालतको मिति २०८०।०४।१६ को उल्लिखित आदेशानुसार माग भएको धरौट ऐ. मितिमा प्रतिवादीहरुले क्रमशः र.नं. ३४, ३१, ३२ र ३३ बाट दाखिला गरी मुद्दा पुर्पक्ष गरेको।

३८. **प्रतिवादी जयनारायण साहले यस अदातलसमक्ष गरेको वयान बेहोराः** उपभोक्ता समितिबाट इमान्दारिपूर्वक काम भएको हो। अनियमितताको बारेमा मलाई थाहा हुँदैन। नेपाल सरकारको खरिद सम्बन्धी ऐनमा निर्वाचित अध्यक्षको कुनै भूमिका स्पष्ट लेखिएको छैन। लागत इस्टिमेट र सम्झौता

बमोजिम निर्माणकार्य भएको छ। उपभोक्ता समितिले बिल, भरपाई र प्रतिवेदन पेश गरी वडा कार्यालयहरुबाट ल्याएको सिफारिस बमोजिम गाउँ कार्यपालिका अध्यक्षको हैसियतले भुक्तानीको सिफारिस गरेको हुँ। योजना अनुसारको ७ कि.मि. बाटो बनेको र ग्राभेलिङ पनि भएको थियो। गाउँपालिकाले बाटो निर्माणमा रु.५०,००,०००।-विनियोजन गरेको थियो। कसलाई के कुरामा चित्त नबुझेर उक्त झुट्ठा उजुरी दिएका हुन्। प्रस्तुत झुट्ठा आरोपदावीबाट सफाई पाउँ।

३९. **प्रतिवादी जयनारायण साहको हकमा भएको थुनछेक आदेशः** प्रतिवादीले आरोपदावीमा ईन्कार रही बयान गरी अदालतसमक्ष वयान गरे तापनि प्रस्तुत मुद्दामा मिसिल संलग्न उजुरी निवेदन, झापा गाउँपालिकाबाट प्राप्त योजना सम्झौता, योजना सञ्चालनका लागि स्वीकृत भएको लागत अनुमान, झापा गाउँपालिकाबाट तयार गरिएको निर्माणकार्यको नापी किताब, सम्झौता सम्बन्धी बिल र कार्यसम्पन्न प्रतिवेदनसमेतको प्राविधिक मूल्याङ्कन कागजात, उपभोक्ता समितिलाई भुक्तानी दिइएको रकमको गोश्वारा भौचरसमेतका कागज प्रमाणहरु समेतका मिसिल संलग्न तत्काल प्राप्त प्रमाणबाट प्रतिवादीका हकमा विशेष अदालत ऐन, २०५९ को दफा ७(घ)को अवस्था विद्यमान रहेको देखिँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरे वमोजिम हुने गरी कसुरको प्रकृति एवं प्रतिवादीको पदीय हैसियत, बिगोदावी समेतलाई दृष्टिगत गरी हाललाई प्रतिवादी जयनारायण साहबाट रु.१०,०००।-(दशहजार रुपैयाँ) धरौट वा सो बराबरको बैंक जमानत माग गर्ने आदेश मागिएको छ। माग बमोजिमको नगद धरौट वा बैंक जमानत दिए लिई निजलाई तारिखमा राख्नु। सो दिन नसके मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८(२) तथा दफा ८० बमोजिम थुनुवापूर्जी दिई नियमानुसार थुनामा राख्न कारागार कार्यालयमा पठाईदिनु भनी सोही संहिताको दफा ७९ बमोजिम यो आदेश पर्चा गरिएको छ।

४०. **धरौटीः** यस अदालतको मिति २०८०।०४।१७ को उल्लिखित आदेशानुसार माग भएको धरौट ऐ. मितिमा प्रतिवादीले र.नं. ३८ बाट दाखिला गरी मुद्दा पुर्पक्ष गरेको।

४१. **प्रतिवादी चोलाराज दंगालले यस अदालतसमक्ष गरेको वयान बेहोराः** प्राविधिकहरुको प्रतिवेदन तथा नापी किताबलाई मैले पुनः नापजाँच गरी यकीन गर्न सक्ने अवस्था हुँदैन। प्राविधिकहरुको प्रतिवेदनलाई उजुरी गुनासो नपरेसम्म अन्यथा गर्न सक्ने अवस्था हुँदैन। गाउँपालिकामा आ.व. २०७४/०७५ मा कूल जम्मा ४१० वटा योजना स्वीकृत थिए। सबै योजनाहरुको प्रमुख प्रशासकीय अधिकृत स्वयंले निरीक्षण गर्न असमर्थ हुने भई पालिकाका कर्मचारीहरुलाई तोकिएको जिम्मेवारी अनुसार प्राप्त भएका प्रतिवेदनहरुमा भर पर्नुपर्ने नै हुन्छ। बदनियतपूर्वक नापी किताब स्वीकृत गरी भुक्तानी सदर गरेको होइन। मैले जानेबुझेसम्म बाटो निर्माणमा अनियमितता भएको छैन। उपभोक्ता समितिको कार्यसम्पन्न भएको निर्णय, गाउँपालिकाको अध्यक्ष तथा उपाध्यक्षबाट भएको अनुगमन, योजना अनुगमन समितिको प्रतिवेदन, सम्बन्धित वडा कार्यालयबाट प्राप्त भुक्तानी सिफारिस, उपभोक्ता समितिबाट भएको सार्वजनिक खर्च परीक्षण, गाउँ कार्यपालिकाको कार्य फरफारक गर्ने निर्णय, प्राविधिकबाट प्राप्त नापी किताबसहितको कार्यसम्पन्न प्रतिवेदन समेतको आधारमा भए गरेको कामको भुक्तानी स्वीकृत भएकोसम्म हो। यसमा मेरो कोही कसैसँग मिलोमतो छैन। कसलाई के कुरामा चित्त नबुझेर उक्त बेनामे झुठ्ठा उजुरी दिएका हुन्। प्रस्तुत झुठ्ठा आरोपदावीबाट सफाई पाउँ।

४२. **प्रतिवादी चोलाराज दंगालको हकमा भएको थुनछेक र अन्य आदेशः** प्रतिवादीले आरोपदावीमा ईन्कार रही बयान गरी अदालतसमक्ष वयान गरे तापनि प्रस्तुत मुद्दामा मिसिल संलग्न उजुरी निवेदन, झापा गाउँपालिकाबाट प्राप्त योजना सम्झौता, योजना सञ्चालनका लागि स्वीकृत भएको लागत अनुमान, झापा गाउँपालिकाबाट तयार गरिएको निर्माणकार्यको नापी किताब, सम्झौता सम्बन्धी बिल र कार्यसम्पन्न प्रतिवेदनसमेतको प्राविधिक मूल्याङ्कन कागजात, उपभोक्ता समितिलाई भुक्तानी दिइएको रकमको गोश्वारा भौचरसमेतका कागज प्रमाणहरु समेतका मिसिल संलग्न तत्काल प्राप्त प्रमाणबाट प्रतिवादीका हकमा विशेष अदालत ऐन, २०५९ को दफा ७(घ)को अवस्था विद्यमान रहेको देखिँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरे वमोजिम हुने गरी कसुरको प्रकृति एवं प्रतिवादीको पदीय हैसियत,

बिगोदावी समेतलाई दृष्टिगत गरी हाललाई प्रतिवादी चोलाराज दंगालबाटबाट रु.२०,०००।- (बीसहजार रुपैयाँ) धरौट वा सो बराबरको बैंक जमानत माग गर्ने आदेश मागिएको छ। माग बमोजिमको नगद धरौट वा बैंक जमानत दिए लिई निजलाई तारिखमा राख्नू। सो दिन नसके मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८(२) तथा दफा ८० बमोजिम थुनुवापूर्जी दिई नियमानुसार थुनामा राख्न कारागार कार्यालयमा पठाईदिनु भनी सोही संहिताको दफा ७९ बमोजिम यो आदेश पर्चा गरिएको छ।

प्रस्तुत मुद्दामा प्रतिवादी चुक्ता भैसकेको हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १२४ र १२५ को प्रयोजनार्थ आजै आदेश गरी पाउँ भनी वादी प्रतिवादी दुबैतर्फका कानून व्यवसायीहरुले अनुरोध गर्नु भएको हुँदा वादी पक्षका साक्षीहरु विशेष सरकारी वकिल कार्यालय, काठमाडौं मार्फत र प्रतिवादीहरुका साक्षी मिति तोकी निजहरुमार्फत उपस्थित गराई बकपत्रको लागि पेश गर्नु र मिति २०७९।१२।२३ मा प्रतिवेदन दिने विधिविज्ञान प्रयोगशालाका मुकूल प्रधान, मिति २०७५।०६।१६ मा प्रतिवेदन दिने विष्णुकुमार थेगुवा र मिति २०७९।१२।१७ मा प्रतिवेदन दिने लेखनाथ दाहाललाई समेत अख्तियार दुरुपयोग अनुसन्धान आयोग मार्फत झिकाई बकपत्रको लागि पेश गर्नू।

४३. **धरौटीः** यस अदालतको मिति २०८०।०४।२२ को उल्लिखित आदेशानुसार माग भएको धरौट ऐ. मितिमा प्रतिवादीले र.नं. ४८ बाट दाखिला गरी मुद्दा पुर्पक्ष गरेको।

४४. **बकपत्रः**

- **नेपाल सरकारका साक्षी विष्णुकुमार थेगुवा र राकेश रोशनले गरेको एकैमिलान बेहोराको बकपत्रः** मिति २०७५।०६।१६ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमक्ष पेश गरेको प्रतिवेदनमा भएको बेहोरा साँचो हो र सहीछाप मेरो हो। बाढी आए, नआएको थाहा भएन। हामी जाँदा पानी परेको थिएन। बाँकी बेहोरा प्रतिवेदनमै संलग्न छ।

- **नेपाल सरकारका साक्षी सुजन दाहाल र रमेशकुमार श्रेष्ठले गरेको एकैमिलान बेहोराको बकपत्रः** मिति २०७६।०५।०९ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमक्ष म समेतले पेश गरेको प्रतिवेदनको बेहोरा साँचो र सहीछाप मेरै हो। फिल्डको अवस्था जे-जस्तो रहेको थियो, सोही बमोजिम नै प्रतिवेदन दिएको हो। बाँकी बेहोरा प्रतिवेदनमै संलग्न छ।
- **नेपाल सरकारका साक्षी मुकूल प्रधानले गरेको बकपत्रः** मिति २०७९।१२।२३ गते, च.नं. ३५४, मिति २०७९/०८०, (B) DOC-159 अन्तर्गत अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, ईटहरीमा म समेतले पेश गरेको परीक्षण प्रतिवेदनमा भएको बेहोरा साँचो र सहीछाप मेरै हो। सो प्रतिवेदन मैले नै तयार गरेको हो।
- **नेपाल सरकारका साक्षी लेखनाथ दाहालले गरेको बकपत्रः** मिति २०७९।१२।१७ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, ईटहरीमा पेश गरेको प्रतिवेदन र सोसाथ संलग्न बुझिएका विभिन्न व्यक्तिहरुको कागज र फोटोहरु समेतमा भएको बेहोरा साँचो र सहीछाप मेरै हो। गाउँपालिकाले उपस्थित गराइदिएका मानिसहरुको कागज गरिएको हो।
- **प्रतिवादी बिज्ञान चम्लागाईंका साक्षी सुरज खतिवडाले गरेको बकपत्रः** झापा गाउँपालिकामा मिति २०७६।१२।०४ गते स्थायी नियुक्ति लिएपछि उक्त बाटोको केस चलेको सुन्नमा आयो। बाटो निर्माण पश्चात् बर्षाको पानीले असर पुगेको थियो। सडकमा आजसम्म पनि रिटनिङ्ग वाल लगाइएको छैन। अहिले बाटोको अवस्था सामान्य छ। मैले बुझे/सुने अनुसार तत्कालीन समयमा बाटो निर्माणको काम राम्रो भएको थियो। सवारी साधनको आवत-जावत भइरहेको छन। बाटो वरपर कृषियोग्य जमिन भएकोले ट्याक्टर लगायतका गाडीहरु निर्वाधरुपमा चलिरहेका छन्।
- **प्रतिवादी फणिन्द्रप्रसाद खरेलका साक्षी राजेन्द्रप्रसाद सिटौलाले गरेको बकपत्रः** म सो गाउँको स्थानीय वासिन्दा भएको हुँदा मैले देखे, जाने र बुझेसम्म उक्त बाटो ५० फिटसम्म चौडा छ। सडक निर्माणमा कुनै अनियमितता भएको छैन। सडकको गुणस्तर राम्रो छ। गाडीहरु

आवतजावत गर्न सहज छ। बाढीले उक्त सडकमा केही कटान गरी क्षति पुऱ्याएको हो। प्रतिवादी निर्दोष छन्। निजले सफाई पाउनु पर्छ।

- **प्रतिवादी धनपति थपलियाका साक्षी पदमबहादुर कार्कीले गरेको बकपत्रः** म सो गाउँको स्थानीय वासिन्दा भएको हुँदा मैले देखे, जाने र बुझेसम्म उक्त बाटो ५० फिटसम्म चौडा छ। सडक निर्माणमा कुनै अनियमितता भएको छैन। सडकको गुणस्तर राम्रो छ। गाडीहरु आवतजावत गर्न सहज छ। बाढीले उक्त सडकको केही बाटो कटान गरी क्षति पुऱ्याएको हो। प्रतिवादी निर्दोष छन्। निजले सफाई पाउनु पर्छ।
- **प्रतिवादी अभिषेक दासका साक्षी चन्द्रप्रसाद बस्नेतले गरेको बकपत्रः** म सो गाउँको स्थानीय वासिन्दा भएको हुँदा मैले देखे, जाने र बुझेसम्म उक्त बाटो ५० फिटसम्म चौडा छ। सडक निर्माणमा कुनै अनियमितता भएको छैन। सडकको गुणस्तर राम्रो छ। गाडीहरु आवतजावत गर्न सहज छ। बाढीले केही बाटो कटान गरी क्षति पुऱ्याएको हो। प्रतिवादी निर्दोष छन्। निजले सफाई पाउनु पर्छ।
- **प्रतिवादी जयनारायण साहका साक्षीहरु मनप्रसाद मिश्र, छत्रप्रसाद पाण्डे र सागिरप्रसाद गणेशले गरेको एकैमिलान बेहोराको बकपत्रः** सो गाउँको स्थानीय भएको नाताले मैले बुझेसम्म उक्त बाटो निकै चौडा छ। सडक निर्माणमा कुनै अनियमितता भएको छैन। सडकको गुणस्तर राम्रो छ। गाडीहरु आवतजावत गर्न सहज छ। बाढीले केही बाटो कटान गरी क्षति पुऱ्याएको हो। अख्तियारको टोलीले स्थानीय व्यक्ति, सरोकारवाला र भद्रभलाद्मीसँग कुनै छलफल, समन्वय नगरी आफ्नो किसिमले प्रतिवादीलाई समेत जानकारी नगराई मनोमानी किसिमले भए गरेको कामलाई घटाई काम सम्पन्न भएको दुई बर्षपछि नापजाँच गरेका हुन्। प्रतिवादी निर्दोष छन्। निजले सफाई पाउनु पर्छ।
- **प्रतिवादी शन्तमाया सुब्बा लिम्बुका साक्षी तेजबहादुर श्रेष्ठले गरेको बकपत्रः** सो गाउँको स्थानीय वासिन्दा भएको हुँदा मैले देखे, जाने र बुझेसम्म उक्त बाटो ५० फिटसम्म चौडा छ। सडक

निर्माणमा कुनै अनियमितता भएको छैन। सडकको गुणस्तर राम्रो छ। गाडीहरु आवतजावत गर्न सहज छ। बाढीले केही बाटो कटान गरी क्षति पुऱ्याएको हो। प्रतिवादी निर्दोष छन्। निजले सफाई पाउनु पर्छ।

- **प्रतिवादी चोलाराज दंगालका साक्षी गौरव संग्रौलाले गरेको बकपत्रः** उपभोक्ता समिति मार्फत लक्ष्मीमार्ग सडकमा माटो भर्ने, ग्राभेलिङ्ग गर्ने कार्य गरी सम्पन्न भएको थियो। पछि बर्षाको कारण ग्राभेलिङ्गमा सामान्य क्षति भए पनि बाटो नियमित सहज प्रयोगमा रहेको छ। प्राविधिकले पेश गरेको नापी किताबबाट देखिएको मूल्य विश्वासको आधारमा भुक्तानी स्वीकृत गर्नुपर्ने हुँदा प्रतिवादीले हानि नोक्सानी गरेका छैनन्। निज इमान्दार र निष्ठावान ब्यक्ति हुन्। निजले सफाई पाउनु पर्छ।
- **प्रतिवादी नेत्रप्रसाद उप्रेतीका साक्षी राजेन्द्रप्रसाद सिटौलाले गरेको बकपत्रः** म सो गाउँको स्थानीय वासिन्दा भएको हुँदा मैले देखे, जाने र बुझेसम्म उक्त बाटो निकै चौडा छ। सडक निर्माणमा कुनै अनियमितता भएको छैन। सडकको गुणस्तर राम्रो छ। गाडीहरु आवतजावत गर्न सहज छ। बाढीले केही बाटो कटान गरी क्षति पुऱ्याएको हो। प्रतिवादी निर्दोष छन्। निजले सफाई पाउनु पर्छ।
- **प्रतिवादी हरिबहादुर बानिया र कुन्तीदेवी बुढाथोकीका साक्षी दिलबहादुर कार्कीले गरेको बकपत्रः** म सो गाउँको स्थानीय वासिन्दा भएको हुँदा मैले देखे, जाने र बुझेसम्म उक्त बाटो निकै चौडा छ। सडक निर्माणमा कुनै अनियमितता भएको छैन। सडकको गुणस्तर राम्रो छ। गाडीहरु आवतजावत गर्न सहज छ। बाढीले केही बाटो कटान गरी क्षति पुऱ्याएको हो। प्रतिवादीहरु निर्दोष छन्। निजहरुले सफाई पाउनु पर्छ।
- **प्रतिवादी मोतीलाल गणेशका साक्षी ठमनाथ नेपालले गरेको बकपत्रः** म सो गाउँको स्थानीय वासिन्दा भएको हुँदा मैले देखे, जाने र बुझेसम्म उक्त बाटो निकै चौडा छ। सडक निर्माणमा कुनै अनियमितता भएको छैन। सडकको गुणस्तर राम्रो छ। गाडीहरु आवतजावत गर्न सहज

छ। बाढीले केही बाटो कटान गरी क्षति पुऱ्याएको हो। प्रतिवादी निर्दोष छन्। निजले सफाई पाउनु पर्छ।

४५. **यस अदालतको मिति २०८०।०६।०१ को आदेशः** मौकामा कागज गर्ने तेजबहादुर आचार्य, डिल्लीप्रसाद सेडाई र मोहन कार्कीलाई बुझ्नुपर्ने देखिँदा विशेष अदालत ऐन, २०५९ को दफा ७(क) बमोजिम निजहरुलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग मार्फत झिकाई नियमानुसार पेश गर्नू।

४६. **विशेष अदालत ऐन, २०५९ को दफा ७(क) बमोजिम बुझिएकाहरुले गरेको बकपत्र बेहोराः**

- **मोहनकुमार कार्कीको बकपत्रः** मिति २०७५।१२।१२ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, ईटहरीका अनुसन्धान अधिकृत डिल्लीनारायण पाण्डे समक्ष मौकामा गरेको कागज समेतमा भएको बेहोरा साँचो र सहीछाप मेरो हो। बाढीले केही मात्रामा माटो र गिटी बगाएको थियो। मैले समितिबाट रु.२,६६,५००।-बुझी ट्याक्टर धनीहरुलाई बुझाएको हो।
- **तेजबहादुर आचार्यको बकपत्रः** मिति २०७५।१२।११ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, ईटहरीमा गरेको कागज समेतमा भएको बेहोरा साँचो र सहीछाप मेरो हो। सबै कुरा मिसिलमै छ। स्थानीय लाभग्राही उपभोक्ता समितिबाट बाटो निर्माण भएकोले उक्त निर्माणमा अनियमितता भएजस्तो लाग्दैन।
- **डिल्लीप्रसाद सेडाईको बकपत्रः** मिति २०७५।१२।१३ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, ईटहरीमा गरेको कागज समेतमा भएको बेहोरा साँचो र सहीछाप मेरो हो। ट्याक्टरबाट पुरुवा माटो मात्र ढुवानी गरेको हो। उक्त निर्माणमा प्रतिवादी जयनारायण साह समेतले अनियमितता भएजस्तो लाग्दैन।

## ठहर खण्ड

४७. नियमबमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दमा वादी नेपाल सरकारको तर्फबाट विशेष सरकारी वकिल कार्यालयका विद्वान उप-न्यायाधिवक्ता श्री टेकराज भुषालले प्रतिवादीहरुमध्ये

जयनारायण साह झापा गाउँपालिकाको अध्यक्ष, कुन्तीदेवी बुढाथोकी उपाध्यक्ष, चोलाराज दंगाल प्रमुख प्रशासकीय अधिकृत, अभिषेक साह र बिज्ञान चम्लागाईं क्रमशः इन्जिनियर तथा सव-इन्जिनियर, मोतिलाल गणेश वडा नं. ३ का वडाध्यक्ष, हरिबहादुर थापा वडा नं. ६ का वडाध्यक्ष, नेत्रप्रसाद उप्रेती वडा नं. ७ का वडाध्यक्ष तथा प्रतिवादीहरु धनपति थपलिया, फणिन्द्रप्रसाद खरेल र शान्तादेवी सुब्बा (राइ) भन्ने शन्तमाया सुब्बा लिम्बु लक्ष्मीमार्ग बाटो उपभोक्ता समितिका क्रमशः अध्यक्ष, सचिव र कोषाध्यक्ष रहेकोमा झापा गाउँपालिकाको वडा नं. २, ३, ६ र ७ मा पर्ने गरी लक्ष्मीमार्ग बाटो उच्चस्तरीय ग्राभेल बाटो निर्माण गर्न भनी झापा गाउँपालिका र उपभोक्ता समितिबीच मिति २०७५।०१।२४ मा लागत अनुमान रकम रु.५८,८१,०४३।४२ मा सम्झौता भएकोमा विवाद छैन। उक्त लक्ष्मीमार्ग सडक खण्ड अन्तर्गत हनुमान चौकदेखि सिमलवाडीसम्म जम्मा ७ कि.मि. बाटो बनाउने काममा ६० लाख रुपैयाँको बजेट विनियोजन भएको तर उक्त बाटोमा रु.३०,००,०००।-को मात्र कार्य भएको हुँदा छानविन गरी दोषी उपर कारवाही गरी पाउँ भन्ने उजुरी बेहोरा रहेको, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीका शाखा अधिकृत विष्णुकमार थेगुवा र इन्जिनियर राकेश रोशन समेतको स्थलगत निरीक्षण गरी दिएको प्राविधिक फिल्ड प्रतिवेदनमा Watering Compaction Of Natural Mix Gravel को कुनै कार्य नगरेका साथै ४६२० घनमिटर ग्राभेल गर्नुपर्नेमा १८१५ घनमिटर मात्र ग्राभेल गरी २८०५ घनमिटर कमी हुने गरेर ग्राभेल गरेको भनी प्रतिवेदन दिएका र दोश्रोपटक पूर्वाधार विकास कार्यालय, झापाले फिल्ड निरीक्षण गरी प्रतिवेदन दिंदा पनि Excavation Filling, Compaction Of Earth Works मा ७७४४ घनमिटर गर्नुपर्नेमा फिल्डमा जम्मा ४५०० घनमिटर मात्र गरी ३२४४ घनमिटर कम काम गरेको र Providing, Laying, Spreading, Leveling Of Natural Sand Gravel Up to 10 m मा ४६२० घनमिटर गर्नुपर्नेमा जम्मा २६४४.३३ घनमिटर गरी १९७५.६७ घनमिटर कम काम गरेको अवस्थामा समेत प्रतिवादी अभिषेक साह र बिज्ञान चम्लागाईंले फिल्डमा कम काम भएको, सम्झौता विपरीत कार्य भएको देखिंदादेखिँदै इस्टिमेट बमोजिम नै कार्य भएको भनी नापी किताब, कार्यसम्पन्न प्रतिवेदन तथा

उपभोक्ता बिल तयार गरिदिएका, गाउँपालिकाका अध्यक्ष जयनारायण साह र उपाध्यक्ष कुन्तीदेवी बुढाथोकीले कार्यसम्पन्न भएको भनी अनुगमन प्रतिवेदन दिएका, उपभोक्ता समितिका पदाधिकारी प्रतिवादीहरुले सम्झौता बमोजिम काम नगरेको अवस्थामा समेत सम्झौता बमोजिम कार्य भएकोले भुक्तानी माग गरी रकम भुक्तानी लिएका, वडाध्यक्षहरुले आ-आफ्नो वडा कार्यालयको तर्फबाट काम सम्पन्न भएकोले रकम फरफारक गरिदिनु भनी गाउँपालिकालाई पत्राचार गरिदिएका तथा प्रतिवादी चोलाराज दंगालले रकम भुक्तानी गरिदिएको देखिँदा सम्झौता बमोजिमको बाटो निर्माणकार्य नभएको अवस्थामासमेत सम्झौता बमोजिम कार्य भएको भनी गलत तथा झुठ्ठा नापी किताब, कार्यसम्पन्न प्रतिवेदन तथा बिल भरपाई तयार गरी नभए नगरेको काम समेतको रकम भुक्तानी गरी नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याई प्रतिवादीहरुले गैर कानूनी लाभ लिएको अवस्था छ। प्रतिवादीहरु चोलाराज दंगाल, अभिषेक साह र बिज्ञान चम्लागाईंले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ग) र (ङ) तथा दफा १९(२) को कसुर गरेकोले दफा ८(१) र १९(२) बमोजिम सजाय गरी पाउँ, उपभोक्ता समितिका प्रतिवादीहरुलाई सोही ऐनको दफा ८(४) को कसुरमा सोही दफा बमोजिम सजाय गरी पाउँ र प्रतिवादी जयनारायण साह, कुन्तीदेवी बुढाथोकी तथा वडा अध्यक्ष हरिबहादुर वानियाँ, नेत्रप्रसाद उप्रेती र मोतिलाल गणेश समेतले ऐनको दफा १९(२) को कसुर गरेकाले सोही दफा १९(२) बमोजिम सजाय हुनुपर्दछ भनी बहस गर्नुभयो।

४८. **प्रतिवादी जयनारायण साह**को तर्फबाट विद्वान बरिष्ठ अधिवक्ता द्वय श्री कृष्णप्रसाद सापकोटा र श्री योगेन्द्रबहादुर अधिकारीले प्रतिवादी गाउँपालिकाको अध्यक्ष रहेका, प्राविधिकहरुले दिएको नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदनका आधारमा निजले रकम भुक्तानीको लागि सिफारिससम्म गरका हुन्। आयोगबाट दुईपटक प्राविधिकबाट फिल्ड प्रतिवेदन लिएकोमा दुईवटै प्रतिवेदनको बेहोरा फरकफरक छ। फरकफरक प्रतिवेदन रहेको अवस्थामा कुन प्रतिवेदनलाई विश्वसनीय मान्ने भन्ने द्विबिधा रहेको अवस्थामा प्रतिवेदनलाई मात्र आधार लिई कसुर गरेको भनी ठहर गर्न नमिल्ने भनी कतिपय मुद्दामा सर्वोच्च अदालतबाट व्याख्या भएको छ। आयोगबाट स्थलगत रुपमा नापी गर्दा स्थलगत मुचुल्का

उठाएको छैन। प्रतिवादीहरुलाई रोहवरमा राखी नापी गरिएको पनि छैन। बाटो निर्माणकार्य सम्पन्न भए पश्चात बर्षाको समय भएको र अत्यधिक बर्षा भएको तथ्य तत्कालीन समयमा पत्रपत्रिकाले उल्लेख गरेका छन् भने प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा झापामा बसेको वैठकको निर्णयहरुले पनि अत्यधिक बर्षा भई बाटो जलमग्न भएको तथ्य पुष्टि हुन्छ। मौकामा वयान गर्ने क्रममा प्रतिवादीहरुले बर्षाले गर्दा ग्राभेल बाटो बिगारेको भनी उल्लेख गरेका छन् भने मौकामा कागज गर्ने व्यक्तिहरु मोहन कार्की समेतले अदालतमा आई बकपत्र गर्दा बर्षा भएको तथ्य उल्लेख गरेका छन्। सम्झौता बमोजिम नै कार्य गरेकोमा बर्षाको कारणले बाटो बिग्रिएको र खाल्डाखुल्डी परेको अवस्थामा आयोगको टोली बर्षातपछि नापजाँच गर्न गएकोले र आयोगको टोलीले मोटामोटी रुपमा मात्र नापजाँच गरेकोले भए गरेको काममा फरक परेको हो। प्रतिवादीले बदनियत राखी भुक्तानीको सिफारिस नगरेको तथा अन्य सह-प्रतिवादीहरुसँग मिलोमतो गरेको समेत नहुँदा आरोपित कसुरबाट सफाई पाउनु पर्दछ भनी बहस गर्नु भयो।

४९. **प्रतिवादी कुन्तीदेवी बुढाथोकी, मोतिलाल गणेश, हरिबहादुर वाँनिया र नेत्रप्रसाद उप्रेती**का तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता श्री सुरेशकुमार पौडेल र विद्वान अधिवक्ता श्री राजेन्द्र अधिकारीले प्रतिवादीहरु प्राविधिक व्यक्ति होइनन्। प्राविधिकहरुले काम सम्पन्न भइसकेको छ भनी नापी किताब तयार गरी कार्यसम्पन्न प्रतिवेदन र बिल भरपाई तयार गरेपछि अनुगमन समितिमा रहेको नाताले अनुगमन गर्दा तत्कालीन अवस्थामा बाटो निर्माणकार्य भएको देखिएको हुँदा अनुगमन प्रतिवेदन दिएका तथा रकम भुक्तानीको लागि सिफारिस गरेका हुँदा प्रतिवादीहरुले कुनै बदनियत नराखी, आफूहरुले कुनै लाभ नलिई, भए गरेको कामको अनुगमन गरी सिफारिस गरेको हुँदा प्रतिवादीहरुले आरोपित कसुर गरेका छैनन्। गरेका कामको परिमाण तथा गुणस्तरको परीक्षण प्रतिवादीहरुले गर्न सक्ने हैसियत नभएकाले आँखाले जे देखे सोही बेहोराको सिफारिस भएकोले भ्रष्टाचारजन्य कसुर नगरेको हुँदा सबै प्रतिवादीहरुले सफाई पाउनु पर्दछ भनी बहस गर्नुभयो।

**५०. प्रतिवादी चोलाराज दंगाल**को तर्फबाट विद्वान अधिवक्ता द्वय श्री सुवास आचार्य र श्री यज्ञ खतिवडाले प्रतिवादी प्रमुख प्रशासकीय अधिकृत हुँदा फिल्ड निरीक्षणमा जानुपर्ने पदीय जिम्मेवारी निजको होइन। उपभोक्ता समितिले बाटो निर्माणको कार्य गरेका, नापी किताब कार्यसम्पन्न प्रतिवेदन र बिल प्राविधिक कर्मचारीबाट तयार भई आएको तथा अनुगमन समितिबाट अनुगमन प्रतिवेदन प्राप्त भई सम्झौता बमोजिमको कार्य सम्पन्न भएको भनी देखाएको तथा भुक्तानीको लागि वडा कार्यालय र गाउँपालिकाबाट सिफारिस भई आएको अवस्थामा प्रतिवादीले तिनै कागजपत्रलाई आधार लिई भुक्तानी गरेको हो। प्रतिवादीले बदनियत राखी, अन्य प्रतिवादीहरुसँग मिलोमतो गरी, आफूलाई गैरकानूनी लाभ लिएको मिसिलबाट देखिँदैन। ग्राभेल बाटो सम्झौताबमोजिम भएको नदेखिनुमा बाटो निर्माण पश्चात ठुलो बर्षा भएको र बर्षातपछि काम सम्पन्न भएको करिब ४ महिनापछि पहिलो र १ बर्षपछि दोश्रो फिल्ड प्रतिवेदन दिएको देखिन्छ। दुबै प्राविधिक प्रतिवेदनमा गरेका कामको फरकफरक तथ्य उल्लेख छ। आयोगको प्राविधिक टोलीले मोटामोटी रुपमा नापजाँच गरेको देखिन्छ। मेरा पक्षले कार्यसम्पन्न प्रतिवेदनमा दस्तखत नगरेमा भुक्तानी रकम बेरुजु आउने हुनाले भुक्तानी प्रयोजनार्थ मात्र सही गरेको हो। फिल्डमा जानुपर्ने जिम्मेवारी नभएका प्रतिवादीले प्राविधिकको प्रतिवेदन तथा अनुगमन समितिको अनुगमन प्रतिवेदनलाई आधार लिई भुक्तानी गरेको हुँदा नेपाल सरकारलाई हानि नोक्सानी हुने गरी, जानीजानी, बदनियतसाथ कार्य गरेको नहुँदा प्रतिवादीलाई आरोपित कसुरबाट सफाई हुनुपर्दछ भनी बहस गर्नुभयो।

**५१. प्रतिवादी अभिषेक साह**को तर्फबाट विद्वान अधिवक्ता श्री अपूर्व खतिवडाले प्रस्तुत मुद्दामा २ वटा फिल्ड प्रतिवेदन रहेको छ। पहिलो प्रतिवेदनले उल्लेख नगरेको कार्य दोश्रो प्रतिवेदनले उल्लेख गरेको छ। पहिलो प्रतिवेदन र दोश्रो प्रतिवेदनमा उल्लेख भएको कामको परिमाण नै फरक-फरक उल्लेख भएको छ। मौकामा कागज गर्ने मोहनकुमार कार्की समेतले अदालतमा बकपत्र गर्दा बाढीले डुबान भएको भनी उल्लेख गरेका छन्। पहिलो प्रतिवेदन दिने विष्णुकुमार थेगुवा र राकेश रोशनसमेतले बकपत्र गर्दा बाढी आएको तथ्य स्वीकार गरेका छन्। प्रतिवादीहरुले मौकामा वयान गर्दा समेत अत्यधिक

बर्षा भएकोले बाटो डुबान परेको भनी उल्लेख गरेका छन्। दोश्रो प्रतिवेदनले बाटो निर्माणमा अनियमितता भए, नभएको भन्न नसकिने भनी उल्लेख गरेको छ। फिल्ड प्रतिवेदन दिने प्राविधिकहरुले नै उजुरी बेहोरा अनुसार अनियमितता भए, नभएको यकीन भन्न नसकेको अवस्थामा आरोपदावीमा अनियमितता भयो भनी लिइएको दावी हचुवामा आधारित देखिन्छ। आयोगको प्राविधिक टोलीले टेन्टेटिभ/मोटामोटी रुपमा नापजाँच गरेको भन्ने प्रतिवेदनमा नै उल्लेख गरेको देखिएबाट निर्माण भएको बाटो राम्ररी सबै ठाउँमा नापी नभएको भन्ने देखिन्छ। बर्षातको बाढीले बाटो बिगारेको अवस्थामा आयोगको टोलीले नापी गरेको हुँदा पुरै परिमाण अनुसारको कार्य भएको नदेखिएको हो। प्रतिवादीले हुँदै नभएको नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन तयार गरेको होइन। भए गरेको कार्य नै नापी किताबमा चढाई कार्यसम्पन्न प्रतिवेदन तयार गरेको हुँदा नेपाल सरकारलाई हानि नोक्सानी हुने कुनै कार्य नगरेकोले आरोपित कसुरबाट प्रतिवादीले सफाई पाउनुपर्दछ भनी बहस गर्नुभयो।

५२. **प्रतिवादी बिज्ञान चम्लागाईं**को तर्फबाट विद्वान अधिवक्ता श्री कान्तिराम ढुंगानाले पहिलो प्रतिवेदन र दोश्रो प्रतिवेदनको बेहोरा नै फरक-फरक भएको अवस्थामा कुन प्रतिवेदन यथार्थ र सत्य हो निक्यौंल गर्न द्विविधा छ। प्रतिवेदनमा नै दुई फरक-फरक बेहोरा भएकोमा त्यस्तो प्रतिवेदनहरुलाई आधार लिई प्रतिवादीलाई कसुरदार ठहर गर्न मिल्दैन। काम सम्पन्न भए पश्चात निर्माणस्थल वरपर नै अत्यधिक बर्षात भएको तथ्य प्रतिवेदकहरुले नै स्वीकार गरेका छन्। प्रतिवादीले मौकामा नै वयान गर्दा अत्यधिक बर्षा भएको र बाढीले बाटो बगाएको भनी उल्लेख गरेका छन्। मौकामा कागज गर्ने व्यक्तिहरुले समेत सोही बेहोरा उल्लेख गरेका र बकपत्र समेत गरेका छन्। आयोगका प्रतिवेदकहरुले बाटोलाई मोटामोटी रुपमा नापी गरेका भन्ने देखिन्छ। निर्माणकार्य सम्पन्न भएको करिब १ बर्षपछि गरिएको नापजाँचबाट गरिएको कामको वास्तविक परिमाण मापन हुन सक्दैन। दोश्रो प्रतिवेदनमा अनियमितता भएको हो होइन भन्न नसकिने भनी उल्लेख गरेको देखिँदादेखिँदै प्रस्तुत आरोपदावी लगाइएको छ। फरक-फरक प्रतिवेदन भएमा दोषी ठहर हुन नसक्ने भनी सर्वोच्च अदालतले केही मुद्दामा व्याख्या गरेको अवस्था छ। प्रस्तुत मुद्दामा पनि फरक-फरक बेहोराको

प्रतिवेदन भएको र काम सम्पन्न भएको करिब १ बर्षपछि नापजाँच गरिएको र बर्षाको कारणले बाटो बगाएको अवस्थामा सही परिमाण मापन हुन नसकेको हुँदा प्रतिवेदनका आधारमा मात्र प्रतिवादीलाई दोषी ठहर हुनुपर्ने होइन भनी बहस गर्नुभयो।

५३. **प्रतिवादीहरु धनपति थपलिया, फणिन्द्रप्रसाद खरेल र शान्तादेवी सुब्बा (राई) भन्ने शन्तमाया सुब्बा लिम्बू**का तर्फबाट विद्वान बरिष्ठ अधिवक्ता श्री शेरबहादुर के.सी. र विद्वान अधिवक्ता श्री प्रपुसा के.सी.ले उपभोक्ता समितिले सम्झौता बमोजिम नै बाटो निर्माणकार्य सम्पन्न गरेको हो। बाटो निर्माणकार्य सम्पन्न गरेको कारणले नै प्राविधिकहरुले नापजाँच गरी नापी किताब, कार्यसम्पन्न प्रतिवेदन र बिल बनाइदिएका र अनुगमन समितिले अनुगमन गरी काम सम्पन्न भएको भनी भुक्तानीको लागि सिफारिस गरी भुक्तानी प्राप्त गरेको अवस्था हो। काम सम्पन्न भइसकेपछि अत्यधिक बर्षाले बाढी आई माटो र ग्राभेल बगाएकोले आयोगको टोलीले पछि नापजाँच गर्दा गरेको कामको परिमाण कम देखिन गएको हो। अत्यधिक बर्षातले जमिन जलमग्न भएको तथ्य सरकारी श्रेस्ता तथा तत्कालीन पत्रपत्रिकाको समाचारले स्पष्ट पारेको छ। प्रतिवादीहरुले मिलोमतो गरी, बदनियत चिताई, आफूहरुले गैर कानूनी लाभ लिई, नेपाल सरकारलाई हानि नोक्सानी हुने कुनै काम नगरेकाले आरोपदावी बमोजिम सजाय हुनुपर्ने होइन भनी बहस गर्नुभयो।

५४. **वादी र प्रतिवादीहरु**को तर्फबाट बहस जिकिर सुनी सक्कल मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा देहायको विषयमा निर्णय गर्नुपर्ने देखिन आयोः

**क.** लक्ष्मीमार्ग बाटो उच्चस्तरीय ग्राभेल योजनामा सम्झौता बमोजिम काम भएको देखिन्छ वा देखिंदैन ?

**ख.** सम्झौता बमोजिम कार्य नभएको भए कुन-कुन प्रतिवादीहरुको के-कस्तो संलग्नता रहेको छ ?

**ग.** कसुरमा संलग्न प्रतिवादीहरुलाई के-कस्तो सजाय हुनुपर्ने हो ?

५५. **अब, पहिलो प्रश्न** लक्ष्मीमार्ग बाटो उच्चस्तरीय ग्राभेल योजनामा सम्झौता बमोजिम काम भएको देखिन्छ वा देखिंदैन ? भन्ने सम्बन्धमा उक्त योजनाको इस्टिमेट, सम्झौता, नापी किताब, कार्यसम्पन्न

प्रतिवेदन, बिल तथा प्राविधिकहरुको फिल्ड प्रतिवेदन, मौकामा कागज गर्ने व्यक्तिहरुको कागज बेहोरा, प्रतिवादीहरुको वयान, प्रतिवेदक तथा मौकामा कागज गर्ने व्यक्तिहरुको बकपत्र समेत मिसिल संलग्न कागजातहरुमा उल्लिखित बेहोरा हेर्नुपर्ने हुन्छ। प्रतिवादीहरुउपर लागेको आरोपदावी र आरोपदावी पुष्टि गर्न वादीपक्षले पेश गरेका फिल्ड प्रतिवेदन एवं प्रतिवादीहरुको पदीय जिम्मेवारी र कर्तव्य समेतलाई केलाई अनियमितता सम्बन्धमा निर्णय दिनुपर्ने देखिन्छ।

५६. **झापा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय र उपभोक्ता समितिबीच** आ.व. २०७४/०७५ मा झापा गाउँपालिका वडा नं. ३, ६, ७ स्थित "लक्ष्मीमार्ग बाटो उच्चस्तरीय ग्राभेल योजना"को कूल लागत रु.५८,८१,०४३।४२ मा मिति २०७५।०२।२५ मा कार्यसम्पन्न गर्ने गरी मिति २०७५।०१।२४ मा सम्झौता भएको देखिन्छ। उक्त सम्झौता बमोजिम भएका शर्तहरु परिपालना नभएको, प्रतिवादीहरु बिज्ञान चम्लागाईं र अभिषेक दासले नभए नगरेको काम गरे भएको हो भनी नापी किताब, उपभोक्ता सम्बन्धी बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरी प्रतिवादी चोलाराज दंगालले प्रमाणित गरिदिएका र बिल भुक्तानी गरेका तथा नभए नगरेको काममा समेत भए गरेको भनी झुठ्ठा बिल भरपाई समेतका आधारमा रु.२२,०९,८२३।०४ बढी भुक्तानी लिने दिने कार्यमा प्रतिवादीहरु धनपति थपलिया, फणिन्द्र खरेल र शान्तादेवी सुब्बा (राई) भन्ने शन्तमाया सुब्बा लिम्बूसमेतको संलग्नता रहेको, प्रतिवादीहरु हरिबहादुर बानिया, नेत्रप्रसाद उप्रेती र मोतिलाल गणेशसमेतले अनुगमन समितिको वैठकमा योजना सम्पन्न भइसकेको भनी निर्णय गरेका र रकम भुक्तानीको लागि सिफारिस गरेका, अनुगमन तथा सुपरीवेक्षण समितिको संयोजकसमेत रहेका उपाध्यक्ष कुन्तीदेवी बुढाथोकीले योजना सम्पन्न भइसकेको भनी निर्णय गरी प्राविधिक मूल्याङ्कन अनुसारको रकम उपभोक्ता समितिलाई भुक्तानी गर्न सिफारिस गरेका, प्रतिवादी जयनारायण साहले पनि रकम भुक्तानी गर्न सिफारिस गरेबाट प्रतिवादीहरु सबैको संलग्नतामा नभएको कामहरु भएको भनी गलत प्रतिवेदनसमेत दिई जम्मा रु.२२,०९,८२३।०४ बढी भुक्तानी लिई दिई राष्ट्रसेवकले आफू वा उपभोक्ता समितिका पदाधिकारीहरुलाई गैर कानूनी लाभ पुऱ्याउने र गाउँपालिकालाई गैर कानूनी हानि नोक्सानी पुऱ्याउने

बदनियतले भुक्तानी दिई लिई रु.२२,०९,८२३।०४ रकम हानि नोक्सानी भएको भन्ने आरोपदावी रहेको देखिन्छ।

५७. **प्रस्तुत मुद्दा** मिति २०७५।०४।१० को उजुरीबाट उठान भएको देखिन्छ। उक्त उजुरीमा झापा गाउँपालिकास्थित लक्ष्मीमार्ग सडक खण्डमा रु.६० लाखको रकम विनियोजित भएकोमा उक्त बाटोमा रु.३० लाखको मात्र कार्य भएको हुँदा छानविन गरी दोषीमाथि कडा कारवाही गरी पाउँ भनी बेहोरा उल्लेख गरेको पाइन्छ। प्रतिवादीहरुमध्येका अभिषेक साह र बिज्ञान चम्लागाईंले मिति २०७५।०४।२३ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीमा उपस्थित भई संयुक्त निवेदन दिएको देखिन्छ। उक्त संयुक्त निवेदनमा लक्ष्मीमार्ग उच्चस्तरीय ग्राभेल योजनाको फरफारकको लागि निवेदन परेको र हामी प्राविधिकहरुले उक्त योजनाको लागत इस्टिमेट अनुसारको मापदण्ड नपुगेको कारणले २० दिनसम्म कार्यसम्पन्न प्रतिवेदन दिन रोक लगाएका थियौं। कार्यालय प्रमुखले पनि लागत इस्टिमेट अनुसार मापदण्ड नपुगेकोले फरफारक रोक्नलाई आदेश दिनुभयो। अन्त्यमा, झापा गाउँपालिकाको बोर्डको मिति २०७५।०३।१२ को निर्णय अनुसार उपभोक्ता समितिको चापले गर्दा कार्यसम्पन्न प्रतिवेदन तयार गरेका हौं भनी उल्लेख गरेबाट प्रतिवादीहरु अभिषेक साह र बिज्ञान चम्लागाईंले फिल्डमा लागत इस्टिमेट अनुसारको काम नभएको अवस्थामा समेत गाउँपालिका बोर्डको निर्णय र उपभोक्ता समितिको निरन्तर दवाब र आर्थिक बर्ष अन्त्य हुन लागेको कारण कार्यसम्पन्न प्रतिवेदन तयार गरेको तथ्य स्वीकार गरेको देखिन्छ।

५८. **लक्ष्मीमार्ग बाटो उच्चस्तरीय ग्राभेल योजना**को इस्टिमेटमा विभिन्न १० (दश)वटा आइटमहरुको कार्य गर्नुपर्ने देखिन्छ। उक्त **लागत इस्टिमेट तालिका** निम्नानुसार रहेको देखिन्छः-

| S. N. | PARTICULARS | UNIT | NOS. | LENGTH | BREADTH | HEIGHT | QUANTITY | RATE (NRS) | AMOUNT |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Site clearance works | sqm | 1 | 500 | 7 | 0.2 | 700 | 18.75 | 13125 |
| 2 | Exavation filling, levelling, compaction of earth works | cum | 2 | 6050 | 0.80 | 0.80 | 7744.00 | 60.00 | 464640.00 |
| 3 | Transporting of soil and filling on road | cum | 1 | 550 | 3.50 | 0.50 | 962.50 | 200.00 | 192500.00 |
| 4 | Providing, laying, spreading, levelling of natural sand gravel up to 10m | sqm | 1 | 6600 | 7.00 | 0.100 | 4620.00 | 1020.00 | 4712400.00 |
| 5 | Watering, compaction of natural mix gravel | cum | 1 | 6600 | 7.00 | 0.100 | 4620.00 | 31.90 | 147378.00 |
| 6 | Providing, laying, transporting, and joining of Np3 90cm dia. Humepipe with vat and all complete works | nos | 4 | | | | 4.00 | 23500.00 | 94000.00 |
| 7 | Providing, laying, transporting, and joining of Np3 60cm dia. Humepipe with vat and all complete works | nos | 3 | | | | 3.00 | 13395.00 | 40185.00 |
| 8 | Providing, laying, transporting, and joining of Np3 45cm dia. Humepipe with vat and all complete works | nos | 17 | | | | 17.00 | 11035.00 | 187595.00 |
| 9 | Providing, laying, transporting, and joining of Np3 30cm dia. Humepipe with vat and all complete works | nos | 3 | | | | 3.00 | 9240.00 | 277720.00 |
| 10 | Hoarding board | ls | 1 | | | | 1.00 | 1500.00 | 1500.00 |
| **Grand total=** | | | | | | | | | **5881043.00** |
| **User's Amount=** | | | | | | | | | **981043.00** |
| **Sub- Total=** | | | | | | | | | **4900000.00** |
| **Contingency=** | | | | | | | | | **100000.00** |
| **Office Amount=** | | | | | | | | | **5000000.00** |

५९. **प्रतिवादीहरु अभिषेक साह र बिज्ञान चम्लागाईंले** नापी किताब तयार गर्दा लागत इस्टिमेट अनुसार नै तयार गरी कार्यसम्पन्न प्रतिवेदन र उपभोक्ता बिल तयार गरेको तथ्यमा विवाद भएन। प्रतिवादीहरु अभिषेक साह र बिज्ञान चम्लागाईंले मौका र अदालतमा लागत इस्टिमेट अनुसार नै कार्यसम्पन्न भएको भनी वयान गरेको देखिन्छ। अनुगमन तथा सुपरीवेक्षण समिति समेतले अनुगमन गरी सम्झौता बमोजिम कार्य भएको भनी निर्णय गरी रकम भुक्तानीको लागि सिफारिस गरेको देखिन्छ। अन्तिम बिल भुक्तानी मिति २०७५।०३।१५ मा भई उक्त योजनामा उपभोक्ता समितिले रु.५८,८१,६६५।-भुक्तानी लिएको तथ्य पनि निर्विवाद रहेको छ।

६०. **उजुरी परेपछि आयोगले** पहिलोपटक शाखा अधिकृत विष्णुकुमार थेगुवा र इन्जिनियर राकेश रोशनलाई निर्माणस्थलको प्राविधिक अनुसन्धान तहकिकात गर्न खटाएकोमा निजहरुले मिति २०७५।०६।१६ गते प्राविधिक (फिल्ड) प्रतिवेदन दिएको देखिन्छ। उक्त प्राविधिक प्रतिवेदनमा PROVIDING LAYING, SPREADING, LEVELLING OF NATURAL SAND GRAVEL UPTO 10 M अन्तर्गत AS PER MB मा ४६२० घनमिटर रहेकोमा फिल्डमा १८१५ घनमिटर मात्र रहेको, २८०५ घनमिटर फरक रहेको र अर्को WATERING COMPACTION OF NATURAL MIX GRAVEL मा नापी किताबमा ४६२० घनमिटर रहेकोमा फिल्डमा कुनै काम नभएको, सो काम नगरी थप २३७० घनमिटरको माटो ल्याई सडकको छेउँमा पुर्ने कार्य गरेको देखिन्छ भनी उल्लेख गरेको पाइन्छ। उक्त छानविन प्रतिवेदनमा देखिएको वस्तुस्थिति पनि उल्लेख गरेको देखिन्छ। जसमा लक्ष्मीमार्ग बाटो उच्चस्तरीय ग्राभेल गर्ने योजनाको स्थलगतरुपमा नापजाँच गर्दा ६६०० मि. लम्बाई, ५.५ मि. चौडाई र ०.०५ मी गहिराई गरी जम्मा १८१५ घ.मि.को कार्य मात्र गरेको, ग्राभेलको गुणस्तर पनि राम्रो नरहेको, ग्राभेलमा FINE MATERIAL बढी रहेको पाइएको र कार्य सम्पन्न भए पश्चात रोलर नचलाएकोले ग्राभेल उक्किएर गएको देखिन्छ भने बाटोलाई ठाउँठाउँमा खनेर हेर्दा कतिपय स्थानमा बालुवा मात्र रहेको पाइएको, TRANSPORTING OF

SOIL AND FILLING ON ROAD भन्ने आइटम रहे तापनि सडकको छेउँमा बालुवा बढी मात्रामा रहेको, माटोले पुर्दा कतिपय स्थानमा बगेर गएको भनी बेहोरा उल्लेख गरेको देखिन्छ।

६१. **आयोगले दोश्रोपटक** पूर्वाधार विकास कार्यालय, झापालाई फिल्ड प्रतिवेदन पेश गर्न लगाएको र इन्जिनियर सुजन दाहाल र सव-इन्जिनियर सुरेन्द्रप्रसाद शाहले प्राविधिक प्रतिवेदन तयार गरेको, कार्यालय प्रमुख सि.डि.ई. रमेशकुमार श्रेष्ठ समेतले आयोगमा प्राविधिक (फिल्ड) प्रतिवेदन मिति २०७६।०४।२६ मा पेश गरेको देखिन्छ। उक्त प्रतिवेदनमा EXCAVATION FILLING, LEVELLING , COMPACTION OF EARTH WORKS मा नापी किताबमा ७७४४ घन मिटरको काम गरेको भनेकोमा फिल्डमा ४५०० घन मिटर मात्र भई ३२४४ घन मिटर कम काम भएको र PROVIDING, LAYING, SPREADING LEVELLING OF NATURAL SAND GRAVEL UP TO 10 M मा नापी किताबमा ४६२० घन मिटर काम गरेको भनेकोमा फिल्डमा जम्मा २६५५.३३ घन मिटर काम गरी १९७५.६७ घन मिटर **कम काम** गरेको भन्ने उल्लेख छ। इन्जिनियर सुजन दहाल र सव-इन्जिनियर सुरेन्द्रप्रसाद शाहले दिएको फिल्ड प्रतिवेदनमा बाटोमा प्रयोग भएको ग्राभेल जे-जस्तो अवस्थामा छ सोही अनुसार फरक नपर्ने गरी लिएर नापी किताब तयार गरेको हो। हाल उक्त बाटोको केही ठाउँहरुमा समान्य खाल्डाहरु भएको हुँदा पानी पर्दा पानी जम्ने, बस्ती भएको ठाउँमा पानीको निकास नभएर बाटोमै पानी जमेर हिलो हुने गरेको देखियो भन्ने समेत बेहोरा उल्लेख गरेको देखिन्छ। उक्त प्रतिवेदन हेर्दा पनि उक्त योजानको लागत इस्टिमेटको २ आइटममा नापी किताबमा उल्लेख भए बमोजिम परिमाणमा फिल्डमा काम भएको नदेखिएको तथ्य प्रष्ट भएको देखिन्छ। प्रतिवेदकहरु विष्णुकुमार थेगुवा, ई. राकेश रोशन, ई. सुजन दाहाल र सि.डि.ई. रमेशकुमार श्रेष्ठसमेतले अदालतमा आई प्रतिवेदन बेहोरा पुष्टि हुने गरी बकपत्र गरिदिएको देखिन्छ। मिति २०७५।०३।१२ मा झापा गाउँपालिकाको अध्यक्ष प्रतिवादी जयनारायण साहको अध्यक्षतामा बसेको बैठकले लक्ष्मीमार्ग उच्चस्तरीय ग्राभेल गर्ने योजना इस्टिमेट बमोजिम काम सम्पन्न भैसकेको जसमा रोलर र ट्याङ्करबाट पानी छिट्ने र पेल्ने काम नगरेको, सोको सट्टा माटोको काम भएको भनी निर्णय गरेको माइन्यूटको प्रतिलिपिबाट देखिन्छ। उक्त

माइन्यूट बेहोराबाट नै ग्राभेल बाटोमा "रोलर लगाउने र पेल्ने काम" नभएको भन्ने देखिन्छ। जुन काम लागत इस्टिमेट अनुसार गर्नुपर्ने नै देखिन्छ।

६२. **मिसिल संलग्न उपभोक्ता समिति**को वैठकको माइन्यूटमा माटोको काममा रु.६ लाख बराबरको इस्टिमेट भएकोमा सो काममा मोटामोटी रु.१५ लाख खर्च भएकोले प्राविधिकले दिएको इस्टिमेटमा मेल नखाएकोले इस्टिमेटमा भएको ह्यूमपाइपको रकम र ग्रेडर रोलरको रकम समेत बाटोको माटोको काममा खर्च भइसेकोले पुनः प्राविधिक इस्टिमेट गराई सच्याई पाउँ भनी गाउँपालिकासँग अनुरोध गर्ने भनी निर्णय भएको र गाउँपालिकाका अध्यक्षसमक्ष उपभोक्ता समितिले सोही बमोजिम निवेदन दिई गाउँपालिका अध्यक्षले संशोधित इस्टिमेट गरी फरफारक गरिदिने भनी तोक लगाए तापनि संशोधित इस्टिमेट गरेको तथा कामको भेरियसन गरेको समेत मिसिलबाट देखिन आएको छैन।

६३. **लक्ष्मीमार्ग बाटो उच्चस्तरीय ग्राभेल योजनामा** माथि उल्लेख भए बमोजिम आयोगका २ वटै प्राविधिक फिल्ड प्रतिवेदन अनुसार प्रतिवादीहरु अभिषेक शाह र बिज्ञान चम्लागाईंले पेश गरेको नापी किताबमा उल्लेख अनुसार फिल्डमा काम भएको नदेखिएको र जसबाट नभए नगरेको काम गरे भएको भनी नापी किताब, कार्यसम्पन्न प्रतिवेदन र उपभोक्ता बिल तयार गरी जम्मा रु.२२,०९,८२३।०४ को कम काम गरेको अवस्थामा समेत इस्टिमेट अनुसारको कार्य गरेको भनी सम्झौता बमोजिमको रकम भुक्तानी लिए दिएको देखिएबाट लक्ष्मीमार्ग बाटो उच्चस्तरीय ग्राभेल योजनाको कार्य सम्झौताबमोजिम भए गरेको देखिन आएन। उक्त योजनामा अनियमितता भएको देखिन आयो।

६४. **दोश्रो प्रश्न** सम्झौताबमोजिम कार्य नगरी अनियमितता गर्ने कार्यमा कुन-कुन प्रतिवादीहरुको के-कस्तो संलग्नता रहेको छ भनी हेर्दा प्रतिवादीहरुको पदीय जिम्मेवारी र दायित्व, निजहरुको वयान र निजहरु उपर रहेको आरोपदावी तथा साक्षी विशेषज्ञको बकपत्र समेतलाई हेरी निस्कर्ष निकाल्नुपर्ने देखिन्छ। अब कुन-कुन प्रतिवादीहरु उपर के-कस्तो आरोपदावी रहेको छ र निजहरुको वयान बेहोरा के-कस्तो छ भनी हेर्दाः-

६५. **प्रतिवादी जयनारायण साहको हकमाः** निज प्रतिवादीसमेतले गाउँपालिकाका प्राविधिक कर्मचारी, भुक्तानी दिने पदाधिकारी तथा उपभोक्ता समितिसँग मिलोमतो गरी सरकारलाई हानि नोक्सानी पुऱ्याउने र उपभोक्ता समितिलाई वास्तविक भए गरेको कामभन्दा बढी भुक्तानी दिने बदनियतले गलत सिफारिस गरी (प्रतिवेदन दिएको) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) बमोजिमको कसुर गरेको देखिन आएकोले सोही ऐनको दफा १९(२) बमोजिम सजाय गरी पाउँ भन्ने आरोपदावी रहेको पाइन्छ। निज प्रतिवादीले मौकामा वयान गर्दा योजनामा माटोको काम बढी र ग्राभेलको काम कम भएको थियो भनी आरोपदावी स्वीकार गरेको देखिन्छ। अदालतमा वयान गर्ने क्रममा योजना अनुसारको लगभग ७ कि.मि. बाटो बनेको र ग्राभेलिङ्ग गरेको थियो। काममा अनियमितता भएको वा काम नै सम्पन्न नभएको भन्ने देखिएको थिएन। योजना अनुसारको काम सम्पन्न भएको भन्ने उपभोक्ता समितिको सिफारिस, काम सम्पन्न भएको भन्ने वडा कार्यालय ३, ६, ७ को सिफारिस, अनुगमन तथा सुपरीवेक्षण समितिका संयोजकको काम सम्पन्न भएको भन्ने सिफारिस, प्राविधिक मूल्याङ्कन प्रतिवेदन, उपभोक्ता समितिको भुक्तानी पाउँ भनी निवेदनसाथ पेश भएका कागजातका आधारमा भुक्तानी दिन सिफारिस गरेको हुँ। श्रावण महिनामा ठुलो बाढी आएर गाउँपालिका नै डुबानमा परेकोले बाढीले बाटोको माटो बगाएको हुँदा योजना अनुसारको काम नभएको देखिएको हो। बाढीले बाटोको ग्राभेल बगाएर खाल्टाखुल्टी परेको हो। प्रतिवेदकहरुले प्रतिवेदनमा बाटोको अधिकांश ठाउँमा घाँस उम्रेको हुँदा पुरा नाप गर्न नसकिएको भन्ने बेहोरा उल्लेख भएबाट नै पुरा बाटो नापेको अवस्थामा कामको परिमाण पुग्ने थियो भन्ने आशयको बेहोरा लेखाएको देखिन्छ।

निज प्रतिवादी गाउँपालिकाको अध्यक्ष भएका र निजको अध्यक्षतामा मिति २०७५।०३।१२ मा बसेको गाउँपालिकाको बैठकले "लक्ष्मीमार्ग उच्चस्तरीय ग्राभेल गर्ने योजना" इस्टिमेट बमोजिम काम सम्पन्न भैसकेको, जसमा रोलर र ट्याङ्करबाट पानी छिट्ने र पेल्ने काम नगरेको, सोको सट्टा माटोको काम भएको हुँदा उक्त योजना कार्यपालिकाको सर्वसहमतिमा फरफारक गर्ने निर्णय गरियो भनी निर्णय गरेको निर्णयको प्रतिलिपिबाट देखिन आउँछ। इस्टिमेट हेर्दा आइटम

नं. ५ मा WATERING, COMPACTION OF NATURAL MIX GRAVEL अन्तर्गत ६०० बर्गमिटरको काम गर्नुपर्ने भन्ने देखिन्छ। उपभोक्ता समितिले सो काम नगरी माटो भर्ने काममा खर्च गरेको भन्ने देखिन्छ। त्यसैगरी, EXCAVATION FILLING, LEVELLING , COMPACTION OF EARTH WORKS अन्तर्गत ३२४४ घनमिटर र PROVIDING, LAYING, SPREADING LEVELLING OF NATURAL SAND GRAVEL UP TO 10 M मा १९७५.६७ घनमिटर कम काम गरेको अवस्थामा समेत लागत इस्टिमेट अनुसार काम सम्पन्न भएको छ भनी निज प्रतिवादी जयनारायण साह समेत भई मिति २०७५।०१।२८, मिति २०७५।०२।१३ र मिति २०७५।०३।१४ मा अनुगमन प्रतिवेदन दिएको देखिन्छ। निज प्रतिवादीले झापा गाउँपालिकाको कार्यालयबाट अनुगमनकर्ताको रुपमा अध्यक्षको हैसियतले हस्ताक्षर गरेको देखिन्छ। उक्त अनुगमन प्रतिवेदनमा हालसम्म प्राविधिक मूल्याङ्कन अनुसार रु.५८,८१,६६५।-को काम भएको भन्ने उल्लेख गरिएको छ। उपभोक्ता समितिले रकम निकासा पाउँ भनी झापा गाउँपालिकामा दिएको निवेदनमा निज प्रतिवादीले नियम अनुसार भुक्तानी भनी तोक लगाएको तथा मिति २०७५।०३।१५ को झापा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले उठाएको टिप्पणी र आदेशमा निज प्रतिवादी जयनारायण साहले सही गरी भुक्तानी दिन भनी निर्णय गरेको देखिन्छ। लागत इस्टिमेट तथा सम्झौता बमोजिमको कार्य नभएको अवस्थामा समेत गाउँपालिकाबाट निर्णय गराई भुक्तानीको लागि निर्णय गरेका तथा पटकपटक अनुगमन गर्न गई कार्यसम्पन्न भएको भनी अनुगमन प्रतिवेदन दिएका अन्तिम बिल भुक्तानीको टिप्पणी आदेशमा दस्तखत गरी भुक्तानी गर्ने निर्णय गरेको देखिएबाट निज प्रतिवादी फिल्डमा वास्तविक रुपमा नभए नगरेको काम गरेको भएको छ भनी बदनियतपूर्वक गलत निर्णय गरी अनुगमन प्रतिवेदन दिई भुक्तानीको निर्णय समेत गरेको देखिएबाट निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) को कसुर गरेको देखिन आयो।

६६. **प्रतिवादी कुन्तीदेवी बुढाथोकीको हकमाः** निज प्रतिवादीले उपभोक्ता समितिसँग मिलोमतो गरी वास्तविक भए गरेको कामभन्दा बढी भुक्तानी दिने बदनियतले गलत सिफारिस (प्रतिवेदन) तथा निर्णय गरी

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) बमोजिम कसुर गरेकोले सोही दफा १९(२) बमोजिम सजाय गरी पाउँ भन्ने आरोपदावी भएको देखिन्छ। निज प्रतिवादी झापा गाउँपालिकाको उपाध्यक्ष भएको देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६(ख)(५) मा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्ने कानूनी दायित्व रहेको देखिन्छ। सोही कानूनी दायित्व बमोजिम निज प्रतिवादी कुन्तीदेवी बुढाथोकीले पनि उक्त योजनाको मिति २०७५।०१।२८, मिति २०७५।०३।१४ मा दिएको प्रतिवेदनमा हालसम्म प्राविधिक मूल्याङ्कन अनुसार रु.५८,८१,६६५।-को काम भएको भनी भुक्तानीको लागि सिफारिस गरेको देखिन्छ। निज प्रतिवादीले मिति २०७५।०२।२९ गते उपभोक्ता समितिका अध्यक्ष धनपति थपलियाको अध्यक्षतामा बसेको बैठकमा अनुगमन तथा सुपरीवेक्षण समितिको संयोजकको नाताले निज प्रतिवादी समेत उपस्थित भई लक्ष्मीमार्ग ग्राभेल गर्ने योजनामा विनियोजित रकमको काम सम्पन्न भइसकेकोले सम्बन्धित वडालाई जानकारी गराई प्राविधिक समेतलाई अनुगमन गराउने भन्ने समेत निर्णय गरेको देखिन्छ। आफ्नो गाउँपालिकाको योजनाको अनुगमन, सुपरीवेक्षण गर्ने कानूनी जिम्मेवारीमा रहेकी प्रतिवादीले लागत इस्टिमेट र सम्झौता बमोजिम काम नगरेको अवस्थामा सोही बेहोराको प्रतिवेदन दिनुपर्नेमा बदनियतपूर्वक नभए नगरेको कामहरु समेत गरे भएको छ भनी गलत अनुगमन प्रतिवेदन दिने तथा काम सम्पन्न भएको भनी गलत निर्णय गरेको देखिन आयो। प्रतिवादीले मौका र अदालतमा वयान गर्दा उक्त प्रतिवेदन तथा निर्णयलाई अन्यथा भन्न सकेको देखिंदैन। प्रतिवादीले दिएको उक्त अनुगमन प्रतिवेदन सिफारिस निर्णय आयोगको प्राविधिक प्रतिवेदनबाट गलत देखिन आएको हुँदा प्रतिवादी कुन्तीदेवी बुढाथोकीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) बमोजिमको कसुर गरेको देखिन आयो।

६७. **प्रतिवादीहरु अभिषेक दास र बिज्ञान चम्लागाईंको हकमाः** पूर्वाधार विकास कार्यालय, झापाले गरेको प्राविधिक फिल्ड प्रतिवेदनमा PROVIDING, LAYING, SPREADING LEVELLING OF NATURAL SAND GRAVEL UP TO 10 M आइटममा १९७५.६७ घनमिटर बढी र EXCAVATION FILLING, LEVELLING ,

COMPACTION OF EARTH WORKS आइटममा ३२४४ घनमिटर बढी साइटमा नगरे नगराएको परिमाणको कार्य भएको भनी नापी किताबमा चढाई, झुट्टा बिल भरपाई र गलत कार्यसम्पन्न प्रतिवेदन तयार गरी आ-आफ्नो पदीय जिम्मेवारी वहन नगरी राज्यको सम्पत्ति हानि नोक्सानी गर्ने मनसायले बदनियत राखी झुट्टा बिल भरपाई, नभएको कामको कार्यसम्पन्न प्रतिवेदन तयार गरी रु.२२,०९,८२३।०४ को बढी भुक्तानीको लागि नापी किताब, उपभोक्ता सम्बन्धी बिल तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्ने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को देहाय (ग) र (ङ) बमोजिम कसुर गरेकाले सोही दफा ८(१) बमोजिम सजाय गरी बिगो समेत असुल गरी पाउँ तथा गलत नापी किताब, उपभोक्ता सम्बन्धी बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरी सोही ऐनको दफा १९(२) बमोजिम कसुर गरेकोले सोही दफा बमोजिम सजाय गरी पाउँ भन्ने आरोपदावी रहेको देखिन्छ।

प्रतिवादीहरुले मौकामा वयान गरी इस्टिमेट अनुसार काम नभए पनि कार्यसम्पन्न प्रतिवेदन अनुसार काम भएको छ। योजना सम्पन्न भएको बेला ग्राभेलको परिमाण कार्यसम्पन्न प्रतिवेदन अनुसार नै थियो। अत्यधिक बर्षाको कारण आयोगको टोलीबाट नापजाँच हुँदा ग्राभेलको मोटाई नपुगेको हुन सक्छ। बर्षातले ग्राभेल बगाएको हुनसक्छ भनी भनेको पाइन्छ। प्रतिवादी बिज्ञान चम्लागाईंले COMPACTION गर्नुपर्ने थियो तर त्यो गर्न सकिएन भनेबाट COMPACTION नभएको तथ्य स्वीकार गरेको देखिन्छ। अदालतमा वयान गर्ने क्रममा प्रतिवादीहरुले साइट्मा काम भए अनुसार कार्यसम्पन्न प्रतिवेदन तयार गरेको हो। उक्त बाटोमा अनियमितता भएको छैन। मिति २०७५ सालको आषाढ / श्रावणमा ठुलो बाढी आएर गाउँपालिका नै डुबानमा परेको र बाढीले बाटोको धेरै अंश बगाएकोले पछि नापजाँच गर्दा परिमाण कम देखिएको हुन सक्छ भनी भनेको भए तापनि बाढीले बाटो बगाएको तथ्य स्थानीय निकायबाट कहीं कतै अभिलेखित भएको तथा प्रतिवादीहरुको वयानसाथ बाढी आएको तथ्य पुष्टि हुने कुनै आधिकारिक अभिलेख प्रमाण पेश गर्न सकेको देखिँदैन। प्रतिवादीहरुले ग्राभेल बाटोको यो ठाउँदेखि यो ठाउँसम्म आयोगको टोलीले नापजाँच नगरेकोले त्यसको परिमाण कम

आएको हो भनी जिकिर लिन सकेको पनि देखिँदैन। प्रतिवादीहरु दुबैजनाले आयोगको कार्यालय, इटहरीमा उपस्थित भई संयुक्त निवेदन दिई उक्त बाटोमा ल.इ. अनुसारको मापदण्ड नपुगेको कारणले गर्दा २० दिनसम्म कार्यसम्पन्न प्रतिवेदन दिन रोक लगाएकोमा गाउँपालिकाको बोर्डको मिति २०७५।०३।१२ को निर्णय र उपभोक्ता समितिको निरन्तर चापले हामीलाई बाध्य पारी कार्यसम्पन्न प्रतिवेदन तयार गर्न लगाइएको हो भनी भनेबाट निज प्रतिवादीहरुले तयार गरेको नापी किताब, कार्यसम्पन्न प्रतिवेदन र उपभोक्ता बिल गाउँपालिकाको बोर्डको निर्णयका आधारमा गरेको देखियो। निज प्रतिवादीहरुले निर्माणस्थलमा गई निर्माण गरिएको कामको नापजाँच गरी भए गरेको कामको मात्र नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा सो बमोजिम नगरी नगरे नभएको कामको परिमाण उल्लेख गरी गलत नापी किताब, कार्यसम्पन्न प्रतिवेदन र उपभोक्ता बिल तयार गरेको देखियो। गाउँपालिकासँग गरिएको शर्त विपरीत लागत इस्टिमेटभन्दा फरक परिमाणको काम भएको तथा भएको काम पनि कम गुणस्तरको देखिएको भन्ने पहिलो प्राविधिक प्रतिवेदन बेहोरा रहेबाट निज प्रतिवादीहरुले मनासिव कारणविना निर्धारित शर्त तथा मापदण्ड विपरीत निर्माणकार्य गर्ने गराउने र त्यस्तो निर्माणकार्यलाई गुणस्तरयुक्त, शर्त तथा मापदण्ड बमोजिम भएको भनी प्रमाणित गर्ने कार्य गरेको देखिएबाट प्रतिवादीहरु अभिषेक दास र बिज्ञान चम्लागाईंले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ग) र (ङ) तथा दफा १९(२) बमोजिमको कसुर गरेको देखिन आयो।

६८. **प्रतिवादीहरु मोतीलाल गणेश, हरिबहादुर बानिया र नेत्रप्रसाद उप्रेतीको हकमाः** निज प्रतिवादीहरु उपभोक्ता समितिसँग मिलोमतो गरी वास्तविक भए गरेको कामभन्दा बढी भुक्तानी दिने बदनियतले गलत सिफारिस (प्रतिवेदन) तथा निर्णय गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) को कसुर गरेकोले सोही दफा बमोजिम सजाय गरी पाउँ भन्ने आरोपदावी भएको देखिन्छ। प्रतिवादीहरु तीनैजना वडाध्यक्ष भएका र निजहरुसमेत अनुगमन तथा सुपरीवेक्षण समितिका सदस्यको रुपमा मिति २०७५।०२।२९ को उपभोक्ता समितिको बैठकमा उपस्थित भई योजना सम्पन्न भइसकेको भनी निर्णय गरेको देखिन्छ। वडा नं. ३ का वडाध्यक्ष प्रतिवादी मोतिलाल गणेशले इस्टिमेट बमोजिमको

कार्य सम्पन्न भइसकेकोले सक्कलै बिल भरपाई र प्राविधिक कार्यसम्पन्नको आधारमा निकासा गरिदिन भनी तथा वडा नं. ७ का वडाध्यक्ष प्रतिवादी नेत्रप्रसाद उप्रेती र वडा नं. ६ का वडाध्यक्ष प्रतिवादी हरिबहादुर बानियाले योजना समाप्त भइसकेको, प्राविधिक इस्टिमेट बराबरको कामको लागि अनुगमनबाट अनुमोदन भइसकेकोले योजना फरफारक गरिदिन भनी मिति २०७५।०२।३१ मा छुट्टाछुट्टै पत्र लेखी गाउँपालिका अध्यक्षलाई सिफारिस गरेको देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६(ग)(४) अनुसार वडाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने, सोको अनुगमन गर्ने दायित्व समेत रहेका यी प्रतिवादीहरुले आफ्नो वडामा पर्ने लक्ष्मीमार्ग बाटो उच्चस्तरीय ग्राभेल योजनाको अनुगमन तथा सुपरीवेक्षण समितिमा रही योजनाको कार्य समाप्त भएको भनी निर्णय गरी वडा कार्यालयबाट रकम भुक्तानीको लागि गाउँपालिका अध्यक्षलाई पत्र लेखी सिफारिससमेत गरेको देखिएबाट फिल्डमा नगेर नभएको काम भएको गरिएको छ भनी गलत निर्णय गरी भुक्तानीको लागि समेत गलत सिफारिस गरेबाट निज प्रतिवादीहरुको कार्यबाट नै बदनियत तत्वको पुष्टि भई निज प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) बमोजिमको कसुर गरेको देखिन आउँछ।

६९. **प्रतिवादीहरु धनपति थपलिया, फणिन्द्रप्रसाद खरेल र शान्तादेवी सुब्बा (राई) भन्ने शन्तमाया सुब्बा लिम्बूको हकमाः** किर्ते झुट्टा बिल भरपाई पेश गरी नेपाल सरकारलाई गैर कानूनी हानि र आफूहरुलाई लाभ पुऱ्याउने बदनियतले रु.२२,०९,८२३।०४ को बढी बिल गाउँपालिकाको कार्यालयमा पेश गरी बढी भुक्तानी समेत लिई रकम झिकी खाइमासी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसुर गरेको देखिन आएकाले निज प्रतिवादीहरु धनपति थपलिया, फणिन्द्रप्रसाद खरेल र शान्तादेवी सुब्बा (राई) भन्ने शन्तमाया सुब्बा लिम्बूलाई रु.२२,०९,८२३।०४ बिगो कायम गरी सोही ऐनको दफा ८(४) बमोजिम सजाय गरी पाउँ भन्ने आरोपदावी रहेको देखिन्छ।

प्रतिवादीहरु धनपति थपलिया, फणिन्द्रप्रसाद खरेल र शन्तमाया सुब्बा लिम्बू लक्ष्मीमार्ग बाटो उच्चस्तरीय ग्राभेल योजनाका अध्यक्ष, सचिव र कोषाध्यक्ष रहेका, अध्यक्ष र सचिव भई उपभोक्ता

समितिको खाता सञ्चालन गरेका र प्रतिवादी शन्तमाया सुब्बा लिम्बूसमेतको उपभोक्ता समितिको बैठक बसी लक्ष्मीमार्ग ग्राभेल गर्ने योजनामा विनियोजित रकमको काम सम्पन्न भइसकेको भनी निर्णय गरी उक्त योजनामा रु.५९,६८,६००।-बराबरको काम भएको भनी मिति २०७५।०२।२९ मा निर्णय गरेको देखिन्छ। प्रतिवादीहरु तीनैजनाको दस्तखत गरी रकम भुक्तानीको लागि मिति २०७५।०३।१४ मा गाउँपालिकाको अध्यक्ष समक्ष निवेदन गरेको देखिन्छ। रकम निकासा गरी पाउँ भनी प्रतिवादीहरु तीनैजनाको दस्तखत गरी अन्तिम भुक्तानीका लागि गाउँपलिका अध्यक्ष समक्ष निवेदन गरेको देखिन्छ। निज प्रतिवादीहरुले लागत इस्टिमेट बमोजिम गर्नुपर्ने सबै कामहरु नगरी कार्य सम्पन्न भएको भनी आफूहरुलाई गैर कानूनी लाभ र नेपाल सरकारलाई गैर कानूनी हानि पुऱ्याउने बदनियतले निर्माणस्थलमा भए गरेको कार्यभन्दा बढी तथा साइटमा नगरे नगराएको परिमाणको झुट्टा बिल भरपाई बनाई झापा गाउँ कार्यपालिकाको कार्यालयमा पेश गरी मिति २०७५।०३।१४ मा प्राविधिक मूल्याङ्कन अनुसारको रकम उपभोक्ता समितिलाई उपलब्ध गराउन सिफारिस समेत गरी भुक्तानी लिएको देखिन्छ। भरपाईमा उल्लिखित व्यक्तिहरुसँग सोधपुछ कागज गर्दा भरपाईमा आफ्नो दस्तखत नभएको भनी भनेको र विशेषज्ञबाट परीक्षण गराउँदा भरपाईमा भएको दस्तखत र नमूना दस्तखतहरु नमिल्ने भनी राय प्राप्त भएबाट प्रतिवादी धनपति थपलिया र फणिन्द्रप्रसाद खरेलले किर्ते झुट्टा भरपाई पेश गरी सम्झौता अनुसार भुक्तानी लिएको भन्ने आरोपदावी भए तापनि मौकामा रकम नबुझेको भनी वयान गर्ने डिल्लीराम सेडाइले अदालतमा आई बकपत्र गर्दा रकम उपभोक्ता समितिले दिएको हो भनी लेखाइदिएबाट प्रतिवादीहरु धनपति थपलिया र फणिन्द्रप्रसाद खरेलले किर्ते झुट्टा भरपाई पेश गरेको भन्ने सो हदसम्मको आरोपादी पुष्टि हुन सकेको देखिएन। प्रतिवादीहरुले अदालतमा वयान गर्दा काम सम्पन्न भए पश्चात बर्षात बाढीले बाटोको ग्राभेल बगाएकोले नापजाँच गर्दा परिमाण कम देखिएको भनी जिकिर लिए तापनि आफ्नो जिकिर पुष्टि हुने प्रमाण वयानसाथ पेश गरेको नदेखिँदा प्रतिवादीहरुको जिकिर प्रमाणहरुबाट पुष्टि हुन सकेको देखिएन। गाडी भाडाको रकम ड्राइभरहरुले बुझी लाने गरेकाले भरपाईमा ड्राइभरको दस्तखत हुने भएकाले गाडी

धनीको दस्तखतसँग नमिलेको हुन सक्छ भनी किर्ते भरपाईका सम्बन्धमा स्पष्ट पारेको देखिन्छ। निज प्रतिवादीहरुले निर्माणस्थलमा भए गरेको परिमाणभन्दा बढी परिमाणको काम गरेको भनी निर्णय गरी सोही अनुसारको नापी किताब, कार्यसम्पन्न प्रतिवेदन तथा उपभोक्ता बिल तयार गर्न लगाई भए गरेको कामभन्दा रु.२२,०९,८२३।०४ बरावरको बढी काम देखाई सो रकम भुक्तानी लिएको देखिँदा निज प्रतिवादीहरुले बदनियतपूर्वक नेपाल सरकारलाई गैर कानूनी हानि पुऱ्याएको र आफूहरुलाई गैर कानूनी लाभ पुऱ्याएको देखिएबाट निज प्रतिवादीहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसुरजन्य कार्य भएको देखिन आयो।

७०. **प्रतिवादी चोलाराज दंगालको हकमाः** निज प्रतिवादीको हकमा निर्माणस्थलमा नगरे नगराएको परिमाणको कार्य भएको भनी नापी किताबमा चढाई, झुट्ठा बिल भरपाई र गलत कार्यसम्पन्न प्रतिवेदन तयार गरी आ-आफ्नो पदीय जिम्मेवारी बहन नगरी राज्यको सम्पत्ति हानि नोक्सानी गर्ने मनसायले बदनियत राखी, झुट्ठा बिल भरपाई बनाई, नभएको कामको कार्यसम्पन्न प्रतिवेदन तयार गरी रु.२२,०९,८२३।०४ को बढी भुक्तानीको लागि नापी किताब, उपभोक्ता सम्बन्धी बिल तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्ने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को देहाय (ग) र (ङ) बमोजिम मनासिव कारणविना, शर्त तथा मापदण्ड बमोजिम भएको हो भनी प्रमाणित तथा स्वीकृत गर्ने, झुट्ठा बिल भरपाई बनाई भुक्तानी दिने कसुर गरेको देखिएकोले सोही ऐनको दा ८(१) बमोजिम सजाय गरी बिगो समेत असुल उपर गरी पाउँ र उक्त योजनाको गलत नापी किताब, उपभोक्ता सम्बन्धी बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरी गलत प्रतिवेदन दिने कार्य गरी सोही ऐनको दफा १९(२) को कसुर गरेकाले सोही दफा बमोजिम सजाय गरी पाउँ भन्ने आरोपदावी रहेको देखिन्छ।

प्रतिवादीले मौकामा र अदालतमा वयान गर्दा गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष समेतले अनुगमन गरी प्रतिवेदनमा सहीछाप गरेका, सम्बन्धित वडाको भुक्तानीको सिफारिस र प्राविधिक कर्मचारीहरुले नापजाँच गरी कार्यालयमा पेश गरेको बिल भरपाई, गाउँपालिकाको कार्य फरफारक गर्ने

निर्णय समेतको आधारमा फरफारक भएको हो। यसमा मेरो कोही कसैसँग मिलोमतो छैन। काम भएको १३ महिनापछि गरिएको नापजाँचभन्दा अघि २ वटा बर्षा बितेको र अत्यधिक बर्षाले गाउँ डुबानमा परेको कारण गरेको कामको वास्तविक रुप चित्रण नभएको हो। मैले स्थलगत निरीक्षण गरेको होइन। उपभोक्ता समितिको कार्य सम्पन्न भएको निर्णय, गाउँपालिकाको अध्यक्ष तथा उपाध्यक्षबाट भएको अनुगमन प्रतिवेदन, योजना अनुगमन समितिको प्रतिवेदन, सम्बन्धित वडाबाट गरिएको भुक्तानी सिफारिस पत्र, उपभोक्ता समितिबाट भएको सार्वजनिक खर्च परीक्षण, गाउँ कार्यपालिकाको कार्य फरफारक गर्ने निर्णय, प्राविधिकबाट प्राप्त नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन समेतको आधारमा काम भएकै हो भन्ने विश्वासमा परी गरेको कामको भुक्तानी स्वीकृत भएको हो भनी बेहोरा लेखाएको देखिन्छ। बदनियत नराखी सदनियतले योजनाको भुक्तानी स्वीकृत गरेको हो। म अप्राविधिक कर्मचारीले आफै फिल्डमा गई नापजाँच गर्न सक्ने अवस्था हुँदैन। प्राविधिक कर्मचारीबाट पेश गरेको प्रतिवेदनलाई अन्यथा प्रमाणित नभएसम्म मान्नुपर्ने देखिन्छ। सदासयताले इमान्दारपूर्वक गरिएको कार्यमा कसुर ठहर हुनुपर्ने होइन भनी जिकिर लिएको देखिन्छ। प्रतिवादीका तर्फबाट उपस्थित विद्वान कानून व्यवसायीले प्रतिवादीले कार्यसम्पन्न प्रतिवेदन तथा उपभोक्ता बिलमा दस्तखत गरी प्रमाणिथ गर्नुको कारण बेरुजु कायम नहोस् भन्ने उदेश्यले गरिएको दस्तखतलाई प्राविधिक कर्मचारी तथा उपभोक्ता समितिका पदाधिकारीहरुसँग मिलोमतो गरी प्रमाणित गरेको भनी अर्थ गर्न मिल्दैन। प्रतिवादीउपर अन्य सह-प्रतिवादीहरुको पोल वयान समेत नभएको र निजलाई फिल्ड निरीक्षण, अनुगमन गर्नुपर्ने पदीय जिम्मेवारी समेत रहे भएको नदेखिंदा फिल्ड अनुगमन तथा सुपरीवेक्षण गर्ने समितिको अनुगमन प्रतिवेदन, प्राविधिक कर्मचारीले पेश गरेको नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन एवं उपभोक्ता बिल, गाउँपालिकाको कार्य फरफारक गर्ने निर्णय तथा उपभोक्ता समितिको कार्यसम्पन्न भएको भन्ने निर्णय एवं खर्च सार्वजनिकीकरण भएको तथा सम्बन्धित वडा कार्यालयबाट भुक्तानी दिन सिफारिस भई आएको र गाउँपालिका अध्यक्षले उपभोक्ता समितिले भुक्तानी पाउँ भनी दिएको निवेदनमा नियमानुसार भुक्तानी भनी तोक लगाएको एवं भुक्तानीको टिप्पणी तथा

आदेशमा गाउँपालिकाको अध्यक्षले निर्णय गरेको आधारमा निज प्रतिवादीले उपभोक्ता समितिलाई रकम भुक्तानी गरेको देखिन्छ। निज प्रतिवादीले बदनियत राखी नेपाल सरकारलाई गैर कानूनी हानि नोक्सानी गराउने नियतले झुठ्ठा बिल भरपाई बनाएको तथा गलत कार्यसम्पन्न प्रतिवेदनसमेत बनाएको नभई प्राविधिक कर्मचारीबाट फिल्डमा गई नापजाँच गरी तयार पारिएको नापी किताब, कार्यसम्पन्न प्रतिवेदन र उपभोक्ता बिललाई प्रमाणितसम्म गरेको र गाउँपालिका अध्यक्षले भुक्तानी गर्ने निर्णय गरेका र भुक्तानीका लागि पेश भएका बिल भरपाईहरुका आधारमा प्रमुख प्रशासकीय अधिकृतको हैसियतले भुक्तानी दिएको देखिएबाट निज प्रतिवादीको रकम भुक्तानी कार्यमा बदनियत रहे भएको देखिन आएन। निज प्रतिवादी उपरको आरोपदावी पुग्न सक्ने देखिन आएन।

७१. **अब, तेश्रो प्रश्न कसुरमा संलग्न प्रतिवादीहरुलाई के-कस्तो सजाय हुनुपर्ने हो** ? भनी हेर्दा प्रतिवादीहरु अभिषेक दास र बिज्ञान चम्लागाईंले गाउँपालिकाको बोर्डको निर्णय र उपभोक्ता समितिको निरन्तर चापले गर्दा कार्यसम्पन्न प्रतिवेदन तयार गरेका हौं भनी आयोगको कार्यालय, इटहरीमा निवेदन दिएका, उपभोक्ता समितिले लागत इस्टिमेटभन्दा बढी रकम माटो भर्ने कार्यमा खर्च गरेको भन्ने नापी किताब तथा प्राविधिक प्रतिवेदनहरुबाट देखिन आएको लागत इस्टिमेटमा ग्राभेल पेल्ने COMPACTION को कार्य भए तापनि सो कार्य नगरिएको भनी नापी किताबमा नदेखाइएको अवस्थामा लागत इस्टिमेटभन्दा फरक परिमाणको काम गरेको भए तापनि नगरेको काम नापी किताबमा चढाएको भन्ने देखिएन। गरेका कामको परिमाणसम्म कम भएको तथ्य प्राविधिक फिल्ड प्रतिवेदनबाट देखिएको र प्रतिवादीहरु सबैले वयान गर्दा काम सम्पन्न भएको मितिले २ बर्ष पश्चात आयोगको टोलीले नापजाँच गरेका र काम सम्पन्न भएको साल अत्यधिक बर्षा भई गाउँपालिका डुबी बाटोको ग्राभेल समेत बगाएको तथा २५ फिटको बाटोलाई ५० फिट बनाएकोमा आयोगको टोलीले पुरै बाटोको नापी नगरेको हुँदा परिमाण कम देखिएको भनी जिकिर लिएको तथा प्रतिवादीहरुले बहससाथ पेश गरेका कागजातहरुबाट बाटो निर्माण भएको सालमा अत्यधिक बर्षा भएको समेत देखिँदा प्रतिवादीहरुको वयान जिकिर पूर्णरुपमा असत्य रहेको भन्ने पनि देखिएन।

७२. **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३८ अनुसार** कसुरको गम्भीरता बढाउने अवस्था रहे भएको नदेखिएको र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १४(ख) मा सजायको उद्देश्य प्राप्त गर्न आवश्यक हुनेभन्दा चर्को सजाय हुन नहुने तथा दफा १४(ङ) मा कसुरको अनुपातमा अन्य सजाय नै प्रर्याप्त हुने देखिएमा कैद सजाय नगर्ने भन्ने कानूनी व्यवस्थालाई आत्मसात गर्दै प्रतिवादीहरु उपरको सजाय निर्धारण गर्नुपर्ने देखिन्छ। प्रतिवादीहरुको कसुरको प्रकृति, बिगो रकम तथा प्रतिवादीहरुको पदीय हैसियत समेतलाई विचार गरी कसुरको मात्रा अनुसार चर्को सजाय नगरी न्यूनतम तथा न्यूनतमभन्दा केही माथिको मात्र सजाय गरे पनि सजायको मकसद पुरा हुने देखिँदा प्रतिवादीहरुलाई सोही बमोजिम सजाय गर्नुपर्ने देखियो।

७३. **अतः** पूर्वाधार विकास कार्यालय, झापाले मिति २०७६।०४।२६ मा दिएको फिल्ड प्रतिवेदनमा EXCAVATION FILLING, LEVELLING , COMPACTION OF EARTH WORKS मा ७७४४ घनमिटर परिमाणको काम गर्नुपर्नेमा फिल्डमा जम्मा ४५०० घनमिटरको काम गरी इस्टिमेटभन्दा ३२४४ घनमिटर कम काम गरी रु.१,९४,६४०।-बढी काम गरेको नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन तयार गरेको तथा PROVIDING, LAYING, SPREADING LEVELLING OF NATURAL SAND GRAVEL UP TO 10 M मा ४६२० घनमिटर परिमाणको काम गर्नुपर्नेमा फिल्डमा जम्मा २६४४.३३ घनमिटरको काम गरी इस्टिमेटभन्दा १९७५.६७ घनमिटर कम काम गरी रु.२०,१५,१८३।४० समेत गरी जम्मा रु.२२,०९,८२३।४० को कम काम गरी बढी काम गरेको भनी नापी किताब, कार्यसम्पन्न प्रतिवेदन र बिल भरपाई तयार गरेको भन्ने प्रतिवेदन बेहोरा रहेको, प्रतिवेदकहरुले अदालतमा आई प्रतिवेदन बेहोरा पुष्टि हुने गरी बकपत्र गरेका, उपभोक्ता समितिको निर्णय तथा प्रतिवादीहरु स्वयंले नै गरेको वयानमा सम्झौतामा उल्लेख भएभन्दा कम काम गरेको भनी स्वीकार गरेको देखिएबाट पुरै काम गरेको भनी बदनियतपूर्वक गलत नापी किताब, कार्यसम्पन्न प्रतिवेदन तथा बिल भरपाई पेश गरेको कारण सरकारी रकम रु.२२,०९,८२३।४० भुक्तानी भएको देखिएबाट सो रकम नेपाल सरकारलाई हानि नोक्सानी पुग्न गएको देखिन आएकोले प्रतिवादीहरुमध्येका **अभिषेक दास र बिज्ञान चम्लागाईं**ले

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ग) र (ङ) तथा दफा १९(२) बमोजिम एवं प्रतिवादीहरु **जयनारायण साह, कुन्तीदेवी बुढाथोकी, मोतिलाल गणेश, हरिबहादुर बानिया र नेत्रप्रसाद उप्रेती**ले प्राविधिक कर्मचारी र उपभोक्ता समितिसँग मिलोमतो गरी सरकारलाई हानि नोक्सानी पुर्‍याउने बदनियतले गलत सिफारिस गरेको देखिएबाट निज प्रतिवादीहरुले सोही ऐनको दफा १९(२) बमोजिमको कसुर गरेको ठहर्छ।

प्रतिवादीहरु **धनपति थपलिया, फणिन्द्रप्रसाद खरेल र शान्तादेवी सुब्बा**ले सम्झौता बमोजिमको शर्त पालना नगरी, इस्टिमेट अनुसारको सबै काम पुरा नगरेको बिल भरपाई तथा कार्यसम्पन्न प्रतिवेदन पेश गरी नगरेको कामको रु.२२,०९,८२३।४० भुक्तानी लिई, बदनियतपूर्वक नेपाल सरकारलाई हानि नोक्सानी पुर्‍याई आफूहरुले गैर कानूनी लाभ लिएको देखिँदा निज प्रतिवादीहरुले ऐ. ऐनको दफा ८(४) बमोजिमको कसुर गरेको ठहर्छ।

प्रतिवादी **चोलाराज दंगाल** आरोपित कसुरमा संलग्न रहे भएको तथा अन्य सह-प्रतिवादीहरुसँग मिलोमतो गरेको भन्ने तथ्य मिसिल प्रमाणबाट पुष्टि हुन नआएकोले प्रतिवादी चोलाराज दंगालले आरोपित कसुरबाट सफाई पाउने ठहर्छ।

कसुर ठहर भएका प्रतिवादीहरुमध्ये **जयनारायण साह, कुन्तीदेवी बुढाथोकी, मोतिलाल गणेश, हरिबहादुर बानिया र नेत्रप्रसाद उप्रेती**लाई ऐ. ऐनको दफा **१९(२)** बमोजिम कसुरको मात्रा अनुसार जनही ३ (तीन) महिना कैद र रु.१०,०००।-(दशहजार रुपैयाँ) जरिवाना हुने ठहर्छ। प्रतिवादीहरु **अभिषेक दास र बिज्ञान चम्लागाईं**लाई ऐ. ऐनको **दफा ८(१)** बमोजिम कसुरको मात्रा अनुसार जनही ४ (चार) महिना कैद र बिगो दामासाही गर्दा जनही रु.४,४१,९६४।६८ जरिवाना हुने तथा ऐ. **दफा १९(२)** बमोजिम जनही ३ (तीन) महिना कैद र रु.१०,०००।-(दशहजार रुपैयाँ) जरिवाना हुने ठहर्छ। उपभोक्ता समितिका पदाधिकारी सह-प्रतिवादीहरुबाट बिगो असुल उपर हुने ठहरेकोले निजहरुबाट बिगो असुल उपर गराइरहनु परेन।

प्रतिवादीहरु **धनपति थपलिया, फणिन्द्रप्रसाद खरेल र शान्तादेवी सुब्बा (राई) भन्ने शन्तमाया सुब्बा लिम्बु**लाई ऐ. ऐनको दफा ८(४) बमोजिम कैद नगरी बिगोको दामासाहीले जनही रु.४,४१,९६४।६८ जरिवाना हुने एवं बिगो रु.२२,०९,८२३।४० यी प्रतिवादीहरुबाट दामासाहीले असुलउपर हुने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

<u>**तपसिल खण्ड**</u>

**१.** देहायका प्रतिवादीहरुलाई देहाय तालिकाबमोजिम सजाय हुने ठहरी फैसला भएकाले मुद्दा अन्तिम भएपछि निज प्रतिवादीले देहायबमोजिम दाखिला गरेको नगद धरौट रकमबाट जरिवाना वापत कट्टा/सदर स्याहा गर्नु भनी यस अदालतको लेखा शाखामा लेखी पठाई असुल हुन बाँकी **कैद, जरिवाना र बिगो असुली**को लगत राखी असुल गरी "**लगत राखेको एवं असुल भएको**" जानकारी यस अदालतमा अनिवार्यरुपमा पठाइदिनु भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाउनू।

| | | | |
|---|---|---|---|
| **प्रतिवादी जयनारायण साह के** | **फैसला बमोजिम ठहर भएको** | **कैद** | **जरिवाना रु.** |
| | | ३ महिना | १०,००० |
| | यस अदालतमा मिति २०८०।०४।१७ गते र.नं. ३८ बाट दाखिला गरेको रकम रु.१०,०००।-बाट कट्टा हुने | ० | १०,००० |
| | **असुल हुन बाँकी** | **३ (तीन) महिना** | **०** |

| | | | |
|---|---|---|---|
| **प्रतिवादी कुन्तीदेवी बुढाथोकी के** | **फैसला बमोजिम ठहर भएको** | **कैद** | **जरिवाना रु.** |
| | | ३ महिना | १०,००० |
| | यस अदालतमा मिति २०८०।०४।१६ गते र.नं. ३३ बाट दाखिला गरेको रकम रु.५,०००।-बाट कट्टा हुने | ० | ५,००० |
| | **असुल हुन बाँकी** | **३ (तीन) महिना** | **५,०००।- (पाँच हजार रुपैयाँ)** |

| प्रतिवादी मोतीलाल गणेश के | | कैद | जरिवाना रु. |
|---|---|---|---|
| | **फैसला बमोजिम ठहर भएको** | ३ महिना | १०,००० |
| | यस अदालतमा मिति २०८०।०४।१६ गते र.नं. ३२ बाट दाखिला गरेको रकम रु.५,०००।-बाट कट्टा हुने | ० | ५,००० |
| | **असुल हुन बाँकी** | **३ (तीन) महिना** | **५,०००।- (पाँच हजार रुपैयाँ)** |

| प्रतिवादी हरीबहादुर बानिया के | | कैद | जरिवाना रु. |
|---|---|---|---|
| | **फैसला बमोजिम ठहर भएको** | ३ महिना | १०,००० |
| | यस अदालतमा मिति २०८०।०४।१६ गते र.नं. ३१ बाट दाखिला गरेको रकम रु.५,०००।-बाट कट्टा हुने | ० | ५,००० |
| | **असुल हुन बाँकी** | **३ (तीन) महिना** | **५,०००।- (पाँच हजार रुपैयाँ)** |

| प्रतिवादी नेत्रप्रसाद उप्रेती के | | कैद | जरिवाना रु. |
|---|---|---|---|
| | **फैसला बमोजिम ठहर भएको** | ३ महिना | १०,००० |
| | यस अदालतमा मिति २०८०।०४।१६ गते र.नं. ३४ बाट दाखिला गरेको रकम रु.५,०००।-बाट कट्टा हुने | ० | ५,००० |
| | **असुल हुन बाँकी** | **३ (तीन) महिना** | **५,०००।-(पाँच हजार रुपैयाँ)** |

| | | | |
|---|---|---|---|
| **प्रतिवादी अभिषेक दास के** | **फैसला बमोजिम ठहर भएको** | **कैद** {दफा ८(१) र दफा १९(२) बमोजिम} | **जरिवाना रु.** {दफा ८(१) र दफा १९(२) बमोजिम} |
| | | ७ महिना | ४,५१,९६४।६८ |
| | यस अदालतमा मिति २०८०।०४।१५ गते र.नं. २४ बाट दाखिला गरेको रकम रु.५०,०००।-बाट कट्टा हुने | ० | ५०,००० |
| | **असुल हुन बाँकी** | **७ (सात) महिना** | **४,०१,९६४।६८ (चार लाख एक हजार नौसय चौसठ्ठी रुपैयाँ अठ्सठ्ठी पैसा)** |

| | | | |
|---|---|---|---|
| **प्रतिवादी बिज्ञान चम्लागाईं के** | **फैसला बमोजिम ठहर भएको** | **कैद** {दफा ८(१) र दफा १९(२) बमोजिम} | **जरिवाना रु.** {दफा ८(१) र दफा १९(२) बमोजिम} |
| | | ७ महिना | ४,५१,९६४।६८ |
| | यस अदालतमा मिति २०८०।०४।१५ गते र.नं. २५ बाट दाखिला गरेको रकम रु.४५,०००।-बाट कट्टा हुने | ० | ४५,००० |
| | **असुल हुन बाँकी** | **७ (सात) महिना** | **४,०६,९६४।६८ (चार लाख छ हजार नौसय चौसठ्ठी रुपैयाँ अठ्सठ्ठी पैसा)** |

| | | | |
|---|---|---|---|
| **प्रतिवादी धनपति थपलिया के** | **फैसला बमोजिम ठहर भएको** | **जरिवाना रु.** | **असुल उपर हुने बिगो रु.** |
| | | ४,४१,९६४।६८ | ७,३६,६०७।८० |
| | यस अदालतमा मिति २०८०।०४।११ गते र.नं. १८ बाट दाखिला गरेको रकम रु.५०,०००।-बाट कट्टा हुने | ५०,००० | ० |
| | **असुल हुन बाँकी** | **३,९१,९६४।६८ (तीन लाख एकानब्बे हजार नौसय चौसठ्ठी रुपैयाँ अठ्सठ्ठी पैसा)** | **७,३६,६०७।८० (सात लाख छत्तिस हजार छ सय सात रुपैयाँ असी पैसा)** |

<table>
<tr><td rowspan="4">प्रतिवादी फणिन्द्रप्रसाद खरेल के</td><td rowspan="2">फैसला बमोजिम ठहर भएको</td><td>जरिवाना रु.</td><td>असुल उपर हुने बिगो रु.</td></tr>
<tr><td>४,४१,९६४।६८</td><td>७,३६,६०७।८०</td></tr>
<tr><td>यस अदालतमा मिति २०८०।०४।११ गते र.नं. २० बाट दाखिला गरेको रकम रु.४५,०००।-बाट कट्टा हुने</td><td>४५,०००</td><td>०</td></tr>
<tr><td>असुल हुन बाँकी</td><td>३,९६,९६४।६८ (तीन लाख छ्यानब्बे हजार नौसय चौसठ्ठी रुपैयाँ अठ्सठ्ठी पैसा)</td><td>७,३६,६०७।८० (सात लाख छत्तिस हजार छ सय सात रुपैयाँ असी पैसा)</td></tr>
</table>

<table>
<tr><td rowspan="4">प्रतिवादी शान्तादेवी सुब्बा (राई) भन्ने शन्तमाया सुब्बा लिम्बू के</td><td rowspan="2">फैसला बमोजिम ठहर भएको</td><td>जरिवाना रु.</td><td>असुल उपर हुने बिगो रु.</td></tr>
<tr><td>४,४१,९६४।६८</td><td>७,३६,६०७।८०</td></tr>
<tr><td>यस अदालतमा मिति २०८०।०४।११ गते र.नं. १९ बाट दाखिला गरेको रकम रु.३०,०००।-बाट कट्टा हुने</td><td>३०,०००</td><td>०</td></tr>
<tr><td>असुल हुन बाँकी</td><td>४,११,९६४।६८(चार लाख एघार हजार नौसय चौसठ्ठी रुपैयाँ अठ्सठ्ठी पैसा)</td><td>७,३६,६०७।८० (सात लाख छत्तिस हजार छ सय सात रुपैयाँ असी पैसा)</td></tr>
</table>

२. प्रतिवादी चोलाराज दंगालले आरोपदावीबाट सफाई पाउने ठहरी फैसला भएकाले यस अदालतका आदेशानुसार देहायबमोजिम दाखिला गरेको धरौटी रकम फिर्ता पाउँ भनी प्रतिवादीको निबेदन परे **मुद्दा अन्तिम** भएपछि नियमानुसार फिर्ता दिनू।

| प्रतिवादी | दाखिला गरेको मिति | धरौटी रसिद नम्बर | धरौटी रकम रु. |
|---|---|---|---|
| चोलाराज दंगाल | २०८०।०४।२२ | ४८ | २०,०००।-(बीस हजार रुपैयाँ) |

३. प्रस्तुत फैसला उपर चित्त नबुझे विशेष अदालत ऐन, २०५९ को दफा १७ बमोजिम ३५ (पैंतिस) दिनभित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्नु भनी विशेष सरकारी वकिल कार्यालय, काठमाडौं मार्फत्

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं एवं कसुर ठहर भएका प्रतिवादीहरुलाई फैसलाको प्रतिलिपिसहित पुनरावेदनको म्याद दिनू।

४. सरोकारवालाले फैसलाको नक्कल माग्न आए कानूनको रीत पुऱ्याई नक्कल दिनू।

५. प्रस्तुत मुद्दाको दायरी लगतकट्टा र फैसलाको विद्युतीय प्रति अपलोड गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू।

**सदस्य** **सदस्य** **सदस्य**

**इजलास अधिकृतः** राजन महत

कम्प्युटर अपरेटरः गीता घिमिरे गिरी र अमित कुँवर

इति सम्वत् २०८० साल कार्तिक महिना १६ गते रोज ५ शुभम्.....................................।